आज मिति २०६६ साल श्रावण २६ गते सचिवालयको नगरकार्यपालिकाको बैठक नगरप्रमुख श्री कमलप्रसाद भुसाल ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसि तपसिलका निर्णयहरु गरियो।

उपस्थिति :

अध्यक्षता : नगरप्रमुख श्री कमलप्रसाद भुसाल

उप-प्रमुख : श्री ठाकुरकुमार वि.क.

कार्यपालिका सदस्य : श्री युवराज बन्जाडे

" : श्री मोतिलाल रायमाझी

" : श्री तिलाराम गौतम

" : श्री कृष्णप्रसाद श्रेष्ठ

" : श्री राजेन्द्र भुसाल

" : श्री कृष्णबहादुर आचार्य

" : श्री प्रितमबहादुर थापा

" : श्री ईश्वरीप्रसाद भुसाल

" : श्री देविबहादुर रायमाझी

" : श्री लक्ष्मीनारायण पौडेल

" : श्री युवराज आचार्य

" : श्री नारायण खड्का

" : श्री मान ब. सुनार

" : श्री धनकला थापा

" : श्री सुजता वि.क.

" : श्री बसन्ता के.सी.

" : श्री पद्मा भुसाल

" : श्री लक्ष्मि नेपाली

" : श्री रुपा वि.क.

" : श्री हिमकला टमाटा

उपस्थिति : श्री नारायण अर्याल (न.पा. वडाध्यक्ष वडा नं.८

" : श्री लक्ष्मण पराजुली ( " " " वडा नं. ९)

" : श्री बाबुराम बस्याल ( " " " वडा नं. ११)

सदस्य-सचिव : श्री जीवन सापाली

आजको बैठकका निर्णयहरु यसै साथ संलग्न गरिएको छ।

निर्णय नं. १ – सन्धिखर्क नगरपालिका अन्तर्गत बिगत बर्ष देखि बिभिन्न सेवा र पदमा रहि कार्य गर्दै आईरहेका सेवा करारका कर्मचारी हरुको २०७६ साल श्रावण १ गते देखि लागु हुने गरि २०७७ साल आषाढ मसान्त सम्म सेवा करारको म्याद थप गरि निरन्तरता दिने निर्णय गरियो ।

तपशिल:-

| क्र.स. | नाम | पद | श्रेणी / तह |
|---|---|---|---|
| १ | रुपेन्द्र खत्री | ईन्जिनियर | अधिकृतस्तर |
| २ | सीता बि.सी. | क.अ. | सहायक स्तर पाचौ क.अ. |
| ३ | मेघराज पोखेल | सब. ईन्जिनियर | पाचौ |
| ४ | नारायण पौडेल | हेवी सवारी चालक(टिप्पर) | श्रेणी बिहिन |
| ५ | चन्द्रमणी आचार्य | हेबी सवारी चालक (दमकल) | श्रेणी बिहिन |
| ६ | शिब भुसाल | हल्का सवारी चालक | श्रेणी बिहिन |
| ७ | सस बहादुर नेपाली | हेबी सवारी चालक (ट्याक्टर) | श्रेणी बिहिन |
| ८ | टोपलाल आचार्य | कार्यालय सहयोगी | |
| ९ | देबी प्रसाद पौडेल | कार्यालय सहयोगी | |
| १० | कृष्ण बहादुर भट्टराई | कार्यालय सहयोगी | |
| ११ | उषा बस्नेत | कार्यालय सहयोगी | |
| १२ | कमला भुसाल | कार्यालय सहयोगी | |
| १३ | सुमीत्रा बन्जाडे | कार्यालय सहयोगी | |
| १४ | दीपक आचार्य | कार्यालय सहयोगी | |
| १५ | सन्तोष लम्साल | कार्यालय सहयोगी | |
| १६ | लालमणी भुसाल | जे.सी.बी.सहयोगी | |
| १७ | छमा क्षेत्री | कार्यालय सहयोगी | |
| १८ | माधवी बन्जाडे | कार्यालय सहयोगी | |
| १९ | साबीत्रा बि.क. | कार्यालय सहयोगी | |
| २० | छन्द बहादुर पाण्डे | सरसफाई सहयोगी | |
| २१ | रामजी भट्टराई | सरसफाई सहयोगी | |

निर्णय नं. २ – सन्धिखर्क नगरपालिकाको स्वीकृत दरबन्दीमा नरहेका तर गत बिगत बर्ष देखि कम्प्युटर ~~सहयोगीको~~ अपरेटर (पाँचौ तह) रुपमा सेवा करारमा कार्यरत देहायका कर्मचारी हरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को उपदफा (६) र (८) बमोजिम सेवा करारमा निरन्तरता दिन नमिल्ने देखिएको र यस सम्बन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.२०७५/०७६ च.न.३०७९ मिति २०७५/१०/१९ को पत्र बाट ऐनको दफा ८३ को उपदफा (६) (८) र दफा ८७ बिपरित सेवा करारमा कर्मचारी राखी तलब , भत्ता वा पारिश्रामिक भुक्तानी गर्न नमिल्ने ,यस्तो कार्य प्रचलित कानुन बिपरित भई बेरुजु कायम हुने हुदाँ बेरुजु भएको उक्त रकम भुक्तानी गर्ने पदाधिकारी बाट असुल उपर हुने ब्यहोरा सम्बन्धित सबै स्थानीय तहलाई लेखि पठाउने भनि नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७५/१०/१८ को निर्णय सहित जानकारी समेत प्राप्त भएको सन्दर्भमा उल्लेखित कर्मचारीहरु लाई अबकाश दिनुपर्ने रायसाथ प्रमुख प्रशासकिय अधिकृत बाट पेश भएको टिप्पणीलाई नगर प्रमुख ज्यूबाट आजको बैठकमा प्रस्तावको रुपमा पेश गर्नुभएको बिषय उप्पर बिस्तृत रुपमा छलफल गरियो । नगरपालिका स्थापना हुदाँको वखत तत्कालिन अवस्थामा कर्मचारीहरुको न्यूनताले गर्दा दैनिक कार्य सञ्चालनमा समस्या भएको अवस्थामा उल्लेखित कर्मचारीहरुले

नगरपालिकाको दैनिक कार्य सम्पादनमा महत्वपुर्ण सहयोग एंव योगदान दिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.०७५/७६ च.न.३०७९ मिति २०७५/१०/१९ को पत्रको सन्दर्भमा हामी यस नगरकार्यपालिकाका सबै निर्बाचित पदाधिकारीहरुले सम्पुर्ण भौतिक दायित्व बहन गर्ने गरि मिति २०७६ साल श्रावण १ गते देखि २०७७ साल आषाढ मसान्त सम्म सेवा करारको म्याद थप गरि निरन्तरता दिने निर्णय गरियो।
देहायः-

१- लक्ष्मण आचार्य
२- कृष्णा भुसाल
३- गीता ढुङ्गाना
४- माया पन्थी
५- शारदा खनाल बि.क.
६- यमुना पन्थी मरासिनी
७- सरीता भुसाल

**निर्णय नं. ३** माथी निर्णय नं.१ र २ उल्लेखित सम्पुर्ण सेवा करारका कर्मचारीहरुलाई स्थानिय तहका समान तहका कर्मचारीहरुको सुरु तलब स्केल बरावर मासीक पारिश्रामिक दिनेगरी सेवा करार गर्ने निर्णय गरियो।

**निर्णय नं. ४-** सन्धिखर्कनगरपालिका अर्न्तगत वडा कार्यालयहरुमा (१२ वटै वडामा) दैनिक ज्यालादारी कार्यरत सरसफाई सहयोगीहरुलाई प्रतिदिन रु ३३३.३३ का दरले पारिश्रामिक दिने गरि २०७६-०४-०१ गतेको मिति देखि नै निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. ५** –सन्धिखर्क नगरपालिका अर्न्तगत तपशिलका स्वास्थ्य चौकिमा अत्यावश्यक सेवा अर्न्तगत वर्थिङ् सेन्टरमा कार्यरत तपशिलका कर्मचारीको म्याद २०७६ श्रावण १ गते देखि लागु हुने गरि १ बर्षका लागी म्याद थप गर्ने निर्णय गरियो।

तपशिलः-

१- शुशिला पन्थि अ.न.मी.नरपानी स्वास्थय चौकी
२- रमा पराजुली अ.न.मी. अर्घा स्वास्थय चौकी
३- लक्ष्मी जि.सी. अ.न.मी.डिभर्ना स्वास्थय चौकी
४- राधा चुदाँली का.स. अर्घा स्वास्थय चौकी
५- सरस्वती खनाल – का.स. वाङ्ला स्वास्थय चौकी

**निर्णय नं. ६** – सन्धिखर्क नगर कार्यपालिकाको कार्यालयमा कार्यरत निर्णय नं. १ र २ मा उल्लेखित सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सेवा करार संझौतामा उल्लेख गरि खाईपाइ आएको १ महिनाको तलब बराबरको रकम चाडपर्व खर्च वापत उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७६ साल आश्विन १३ गते सन्धिखर्क नगरकार्यपालिकाको बैठक नगरप्रमुख श्री कमलप्रसाद कुसाल ज्यूको अध्यक्षता (तपसिलको उपस्थितिमा बसि तपसिलका निर्णयहरु गरियो।

उपस्थिति:

अध्यक्षता : नगरप्रमुख श्री कमलप्रसाद कुसाल
उप-प्रमुख : श्री ठाकुरकुमार वि.क.
कार्यपालिका सदस्यहरु : श्री युवराज बन्जाडे
" : श्री मोतिजङ्ग रायमाझी
" : श्री लीलाराम गौतम
" : श्री कृष्णप्रसाद ढोटे
" : श्री राजेन्द्र कुसाल
" : श्री कृष्णबहादुर आचार्य
" : श्री प्रितमबहादुर थापा
" : श्री ईश्वरीप्रसाद कुसाल
" : श्री डिबबहादुर रायमाझी
" : श्री लक्ष्मीनारायण चुँडाली
" : श्री ध्रुवराज आचार्य
" : श्री नारायण खड्का
" : श्री मानबहादुर कुमार
" : श्री पमकला थापा
" : श्री सृजना वि.क.
" : श्री बसन्ता के.सी.
" : श्री पद्मा कुसाल
" : श्री लक्ष्मि नेपाली
" : श्री रुपा वि.क.
" : श्री हिमकला टमाटा
सदस्य-सचिव : श्री जीवन रावाली

आजको बैठकका निर्णयहरु यसैसाथ संलग्न गरिएको छ।

**निर्णय नं. १** – राष्ट्रिय योजना आयोग बाट माग भए बमोजिम विशेष अनुदान माग गर्नका लागी सन्धिखर्क नगरपालिका वडा नं. ९ अर्न्तगत गर्लाम-अर्घा लिफ्टिङ् खानेपानी योजना छनौट गरि पठाउने निर्णय गरियो।

**निर्णय नं. २** – राष्टिय योजना आयोगबाट माग भए बमोजिम समपुरक अनुदान माग गर्नका लागी समपुरक अनुदान सम्बन्धी कार्यबिधिको सुशासन तथा अन्य क्षेत्र (क) मा ब्यवस्था भए अनुसार तपशिल बमोजिममा वडा कार्यालय भवन निर्माणका लागी सिफारिस गर्ने र सो का लागी नगरपालिका बाट सह लगानी का लागी समपुरक अनुदान सम्बन्धी कार्यबिधि २०७५ र संशोधन कार्यविधि २०७६ कमोजिम सुनिश्चित गर्ने निर्णय गरियो।

तपशिलः-

वडा नं. ३ को वडा कार्यालय भवन

वडा नं. ४ को वडा कार्यालय भवन

वडा नं. ९ को वडा कार्यालय भवन

वडा नं. ११ को वडा कार्यालय भवन

**निर्णय नं. ३** - सन्धिखर्क नगरपालिका अर्न्तगत शान्ति बगैचा र लदाम बगैचामा कार्यरत १/१जना माली हरुको दैनिक ज्यालादारीमा २०७६ श्रावण १ देखी लागु हुने गरि म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** – नगर शिक्षा ऐन मा ब्यवस्था भए बमोजिम नगर शिक्षा समिति गठन गरि सन्धिखर्क नगरपालिका क्षेत्र भित्रका सामुदायिक बिधालयहरुमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलान गर्ने प्रक्रिया प्रारम्भ गर्ने साथै औचित्वका आधारमा बिधालयहरुको समायोजनगर्ने उपरोक्त कार्य गर्न सरोकारवाला पक्षहरु संग ब्यपक छलफल र परामर्स समेत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** - नेपालीहरुको महान पर्वहरु बिजया दशमी,दिपावली तथा छठ पर्वको अवसरमा सन्धिखर्क नगरपालिका को आयोजनामा मिति २०७६-०६-१४ गते शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**- बिभिन्न बिषयगत शाखा हरुबाट संचालन हुने कार्यक्रम र बजेट सम्बन्धित समितिहरुले शाखा प्रमुखहरु संगको समन्वयमा तयारगरि अर्को कार्यपालिका बैठकमा पेश गर्न लगाउने निर्णय गरियो।

**निर्णय नं. ७**- सन्धिखर्क नगरपालिका अर्न्तगत संचालन हुने बिभिन्न योजनाहरुमा प्रयोग/संचालन हुने हेभि ईक्विपमेन्ट हरु अनिवार्य रुपमा नगरपालिकामा सुचिकृत गराएर मात्र प्रयोग/संचालन गर्न दिने निर्णय गरियो।

**निर्णय नं. ८**-सन्धिखर्क नगरपालिका बाट संचालनका लागी पेश भएका तपशिल बमोजिम का योजनाहरुलाई प्राथमिकिकरणका आधारमा DPR तयार गरि सम्बन्धित निकायमा योजनाका लागी बजेट माग गर्ने निर्णय गरियो।

तपशिलः-

१-जाडीखोला लिफ्टिङ्ग खानेपानी योजना ( वडा नं. ४ )

२- अमिले लिफ्टिङ्ग खानेपानी योजना ( वडा नं. ११ )

३- आँपखोला खानेपानी योजना ( वडा नं. ८ )

४- गर्लाम-अर्घा लिफ्टिङ्ग खानेपानी योजना ( वडा नं. ९ )

५- भुरुन खोला –डिहि किटेनी-डिहिडाँडा-भालुखोला-दुवार खानेपानी ( वडा नं. ७ )

Scanned with CamScanner

६- बाँगीखोला-साउनेथुम लिफ्टिङ्ग खानेपानी योजना ( वडा नं. ३ )

७- मजुवा –भलाडाँडा लिफ्टिङ्ग खानेपानी योजना ( वडा नं. २)

८- नरपानी लिफ्टिङ्ग खानेपानी योजना ( वडा नं. ६ )

**निर्णय नं.९**-पशु सेवा तर्फ (OVAT) मा कार्यरत ना.प्रा.स.हरुको २०७६ साल श्रावण १ गते देखी २०७७ आषाढ मसान्त सम्म म्यादथप गरि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १०** – यस सन्धिखर्क नगरपालिकाको सभाहल निर्माणको लागी चालु आ.व.२०७६/०७७ मा रु ४५०००००।-(पैचालीस लाख) बिनियोजन गरिएको र यस नगरपालीकालाई आवश्यक पर्ने सभाहल निर्मणको लागी लागत ईस्टिमेट अनुसार ११०७३१४९।-( एक करोड दश लाख त्रियत्तर हजार एक सय उनपचास) लाग्न जाने देखिएकोले उल्लेखीत सभाहल निर्मणको लागी नपुग बाकी रकम यस चालु आ.व.मा भुक्तानी गर्न बजेट व्यवस्था हुन नसकेको खण्डमा आगामी आ.व.२०७७/०७८ मा बजेट बिनियोजन गरि भुक्तानी गर्ने व्यवस्था मिलाई सोही अनुसार लागत ईश्टमेट स्विकृत गरी बहुवर्षिय ठेक्का प्रकृया द्धारा सभाहल निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**- सार्बजनिक खरिद नियमावलीको दफा १४ बमोजिम वडा कार्यालयका भवनहरु निर्माणका लागी तयार भएको रु ७,९६,७६,११९।-( साँत करोड छ्यानब्बे लाख छ्यात्तर हजार एक सय उनाईस ) को लागत अनुमान स्विकृत गर्ने र सन्धिखर्क नगरपालिका को तर्फबाट उक्त जम्मा लागतको ५०%रकम लागत सहभागिता सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** – सन्धिखर्क नगरपालिका वडा नं. ६,नरपानीमा अवस्थीत श्री कृष्ण गौशाला ले यस नगरपालिका भित्र अब्यवस्थीत रुपमा छाडीएका गाई तथा गोरु हरुलाई राखि पालन पोषण को ब्यवस्था गरिरहेको र उक्त गौशालालाई नगरपालिका बाटसमेत ब्यवस्थापन गर्नुपर्ने देखिएकोले पटके रुपमा योजना छुट्याई गौशाला को पुर्वाधार बिकास तथा अन्य ब्यवस्थापनको कार्य प्रभावकारी हुन नसकेकोले चालु बर्ष देखि एकमुष्ट अनुदान दिदा गौशालाको ब्यवस्थापनमा प्रभावकारिता आउने देखिएकोले आ.व.२०७६/०७७ को लागि वडा स्तरिय तथा नगर स्तरीय योजनामा बिनियोजन भएको रकम लाई एकमुष्ट अनुदानको रुपमा उपलब्ध गराउने र अनुदानबाट खर्च गरेको रकमको वार्षिक रुपमा प्रगती बिवरण पेश गर्न लगाउने निर्णय गरियो ।

Scanned with CamScanner

मिति २०६६-०७-०३

आज मिति २०६६ साल कार्तिक ०३ गते बिहान ०८:०० बजे देखि यस नगरकार्यपालिकाको बैठक नगरप्रमुख श्री कमलप्रसाद गुरागाई ज्यू को अध्यक्षता र उपस्थित को उपस्थितिमा बसि देहायका निर्णयहरु पारित गर्दै बैठक सम्पन्न भयो।

उपस्थिति:

अध्यक्षता : नगर प्रमुख श्री कमलप्रसाद गुरागाई
सदस्य : नगर उप-प्रमुख श्री ठाकुरकुमार वि.क.
" : श्री युवराज बन्जाडे
" : श्री मोतिराज रायमाझी
" : श्री लिलाराम गौतम
" : श्री कृष्णप्रसाद जोशी
" : श्री राजेन्द्र गुरागाई
" : श्री कृष्णबहादुर आचार्य
" : श्री प्रितमबहादुर थापा
" : श्री इन्द्रीप्रसाद कुराल
" : श्री देविबहादुर रायमाझी
" : श्री लक्ष्मिनारायण ढुँगेल
" : श्री ध्रुवराज आचार्य
" : श्री नारायण खड्का
" : श्री मानबहादुर कुमार
" : श्री यमकला थापा
" : श्री सृजना वि.क.
" : श्री बसन्ता के.सी.
" : श्री पद्मा गुरागाई
" : श्री लक्ष्मि नेपाली
" : श्री कृपा वि.क.
" : श्री टिमकला टमाटा
सदस्य-सचिव : श्री जीवन रावानी

**निर्णय नं १ :**

प्रस्ताव नं १ माथि व्यापक छलफल भयो सो सन्दर्भमा सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालय क्षेत्राधिकार भित्र पर्ने बाँगी जरे मथुरा खोलाको विभिन्न क्षेत्र बिन्दुबाट स्वीकृत आ.ई.ई बमोजिम को परिमाणमा जिल्ला अनुगमन तथा समन्वय समितिको प्रतिवेदन बमोजिम तथा राजस्व परामर्श समितिको  सिफारिश बमोजिम सार्वजनीक सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं २ :**

सन्धिखर्क नगरपालिकाको क्षेत्रभित्र बसोवास गर्ने स्थानीय बासिन्दा/निर्माण व्यवसायीबाट साइड, पाखा पखेराबाट निस्कीएको नदीजन्य पदार्थमा आधारित स – सानो परिमाणमा संकलित वस्तु  प्रयोगका लागि माग भै आएमा (ढुंगा, गिट्टी, मिस्कट, ग्राभेल) प्रदेश कानुनमा उल्लेख भए बमोजिम को दररेटमा रोयल्टी लिई नदि जन्य पदार्थमा आधारित वस्तु ओसार पसार गरी सार्वजनीक/निजी निर्माणका लागि उपयोग गर्ने व्यवस्था मिलाउन सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सिफारिश गर्ने । साथै नगर क्षेत्र भित्र कुनै व्यक्ति/फर्मले खेत तथा गह्रा सुधार गर्ने कार्यका लागि अनुमति माग गरेमा र सोही कार्यका लागि स्थलगत निरीक्षण एवं अनुगमन गरी प्राविधिक प्रतिवेदन लिई वातावरणीय कार्यमा प्रतिकूल असर नपर्ने गरी सो कार्य गराउँदा निस्कीएको नदीजन्य पदार्थमा आधारित वस्तु बिक्रिवितरण गर्नु पर्ने भएमा नियमानुसार रोयल्टी लिइ सम्वन्धित व्यक्ति/फर्मलाई अनुमति दिने व्यवस्था मिलाउने सन्दर्भमा राजस्व परामर्श समितिबाट समेत सिफारिश भै आएकोले सोही बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :**

सन्धिखर्क नगरकार्यपालिको मिति २०७६/३/९ गतेका दिन बसेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम आ.व २०७६/०७७ का लागि रु २५०००० । (दुई लाख पचासहजार )मात्र न्यूनतम रकम कायम गरी ठेक्का व्यवस्थापनका लागि सूचना प्रकाशन भएकोमा उक्त कार्यकालागि कुनै पनि व्यक्ति फर्म संघ सस्थाबाट तोकिएको समयअवधिमा निवेदन पेश हुन नआएकोले सो सन्दर्भमा चा.लु आ.व को हाल सम्मको अवधि समेत लाई मध्यनजर गरी उक्त कार्यका लागि रु १२५००० । न्यूनतम रकम कायम राखी नगर क्षेत्र भित्र सञ्चालन हुने हाट बजार बाट रकम उठाउने कार्यका लागि सार्वजनीक सूचना मार्फत बढावढ गराई ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया अगाढि बढाउने निर्णय गरियो ।

**निर्णय नं ४ :**

नरपानी पिकनिक स्पोर्ट तथा पार्किङ्ग सम्वन्धमा माथि बैठक मा छलफल भयो । सो  सन्दर्भमा सन्धिखर्क नगरकार्यपालिको मिति २०७६/३/९ गतेका दिन बसेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम आ.व

Scanned with CamScanner

२०७६/०७७का लागि रु ६००००० । ( छ ) लाख मात्र न्यूनतम रकम कायम गरी ठेक्का व्यवस्थापनका लागि सूचना प्रकाशन भएकोमा उक्त कार्यकालागि कुनै पनि व्यक्ति, फर्म ,संघ संस्थाबाट तोकिएको समयअवधिमा निवेदन पेश हुन नआएकोले सो सन्दर्भमा चा.लु आ.व को हाल सम्मको अवधि समेत लाई मध्यनजर गरी उक्त कार्यका लागि रु ३००००० । न्यूनतम रकम कायम राखी उक्त क्षेत्र बाट रकम उठाउने कार्यका लागि सार्वजनीक सूचना मार्फत बढावढ गराई ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया अगाढि बढाउन नगर कार्यपालिकाको कार्यालयमा सिफारिश गर्ने भनी राजस्व परामर्श समितिबाट सिफारिश भै आएकोले सोही बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

सन्धिखर्क एरियामा पार्किङ्ग शुल्क सम्बन्धमा माथि बैठक मा छलफल भयो । सो सन्दर्भमा सन्धिखर्क नगरकार्यपालिको मिति २०७६/३/९ गतेका दिन बसेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम आ.व २०७६/०७७का लागि रु ३००००० । (तिन लाख ) मात्र न्यूनतम रकम कायम गरी ठेक्का व्यवस्थापनका लागि सूचना प्रकाशन भएकोमा उक्त कार्यकालागि कुनै पनि व्यक्ति फर्म संघ सस्थाबाट तोकिएको समय अवधिमा निवेदन पेश हुन नआएकोले सो सन्दर्भमा चा.लु आ.व को हाल सम्मको अवधि समेत लाई मध्यनजर गरी उक्त कार्यका लागि रु १५०००० । न्यूनतम रकम कायम राखी उक्त क्षेत्र बाट रकम उठाउने कार्यका लागि सार्वजनीक सूचना मार्फत बढावढ गराई ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया अगाढि बढाउन नगर कार्यपालिकाको कार्यालयमा सिफारिश गर्ने भनी राजस्व परामर्श समितिबाट सिफारिश भै आएकाले सोही बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :**

नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा १० मा नदीजन्य पदार्थको उत्खन्न संकलन तथा विक्रि वितरण गर्ने सम्बन्धमा संकलन तथा भण्डारण र घाटगद्दी को व्यवस्था गरे बमोजिम सोही कार्यविधिको दफा ११ को (३) मा सम्झौता बमोजिमको दररेटमा नबढाई घाटगद्दी स्थलबाट बिक्रि वितरण गर्नुपर्ने भन्ने उल्लेख भएकोले प्रदेश सरकारबाट पहाडी जिल्लाको लागि राजश्व रकम प्रति क्यूफिट मु .अकर बाहेक रु ३ तोकिएकोले ठेक्का लिने व्यवसायीले घाटगद्दी गर्दा हुने खर्च यसमा नगरपालिकाको क्षेत्रभित्रका खोलाहरुको लागि प्रति क्यू.फिट रु १० कायम गरी राजस्व समेत गरी अधिकतम रु १३ तोकि अधिकतम रकमको परिधिभित्र रही सोही बमोजिम सम्झौता गर्नेगरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं ७ :

सन्धिखर्क नगरपालिका भित्र संघीय सरकार,प्रदेश सरकारका विभिन्न निकाय ,गैर सरकारी संघ संस्थाहरु र स्वयम नगरपालिकाबाट सञ्चालन हुने विभिन्न पूर्वाधार विकास निर्माणका कार्यक्रहरु कार्यान्वयन गर्दा सम्बन्धित निर्माण व्यवसायी एवं उपभोक्ता समितिले रोयल्टी तिरी वा खरिद गरी ल्याएको पदार्थ बाहेको वस्तुमा सोही योजना तथा कार्यक्रमको कार्यान्वयमा योजना स्थलमा निस्कीएको नदी जन्यपदार्थ र नदीजन्य पदार्थमा आधारित वस्तु ढुंगा,गिट्टी, मिस्कट र ग्राभेल आदि सम्बन्धित साइडमा निस्कने पदार्थकोको रोयल्टी लिई सोही योजनाको लागि आवश्यक पर्ने पदार्थ सोही योजनामा प्रयोग गर्न दिने र सो योजना तथा कार्यक्रममा प्रयोगहुने देखी वाहेकको पदार्थमा समेत नियमानुसारको रोयल्टी लिई अन्यत्रप्रयोग गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ८

कृषि विकास उपशाखाले आर्थिक विकास समिति मार्फत पेश गरेको संलग्न विवरण अनुसारको बजेट तथा कार्यक्रम संशोधन सहित स्विकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

## आ.व. २०७६/०७७ को कार्यक्रम तथा बजेट

### आ. व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम

| क्र.सं | आयोजनाको प्रमुख कार्यहरु | आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम (बजेट रु हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | भार | बजेट |
| (अ) पुँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | |
| (आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | |
| १ | (व्यवसायिक मौरी विकास आयोजना) | | | | |
| | पकेट क्षेत्र : वर्षा, वाङ्ला, छिपना, खाँचीकोट | | | | |
| १.१ | मौरी पालन सम्बन्धि नगरपालिका स्तरिय कृषक तालिम | पटक | १ | १.१९ | ८० |
| १ | उत्पादन सामाग्री वितरण ५०। अनुदानमा | | | | |
| १.२१ | मौरी घार तथा उत्पादन सामग्री वितरण ५० प्रतिशत अनुदानम | | | | |
| १.२.२ | आधुनिक मौरी घार वितरण | संख्या | १०८ | २.६० | १७५ |
| १.२.३ | घुम्ती वितरण | संख्या | ५० | ०.२४ | १६ |
| १.२ | कार्यक्रम सामाग्री ढुवानी | पटक | २ | ०.७४ | ५० |
| १.३ | अनुगमन निरिक्षण तथा दै.भ्र.भ. खर्च २२६११ | पटक | | | ३० |
| | यस आयोजनाको जम्मा खर्च | | | ५.२२ | ३५१ |
| २ | व्यवसायिक सुन्तलाजात फलफूल उत्पादन आयोजना | | | | |
| | पकेट क्षेत्र : खाँचीकोट, नरपानी, वर्षा | | | | |
| २.१ | घुम्ती स्थलगत कृषक तालिम | संख्या | १ | ०.२२ | १५ |
| २.२ | वर्षे फलफूलको बेर्ना वितरण (५०%)अनुदानमा | | | | |
| २.३ | सुन्तला जात बिरुवा वितरण | हेक्टर | २० | १.३४ | ९० |
| २.४ | सुन्तला जातमा काटछाट पश्चात बोर्डो मिश्रण छर्ने(सुन्तलाजात पकेट संचालन क्षेत्रमा) | पटक | ४ | ०.८९ | ६० |
| २.५ | कार्यक्रम ढुवानी तथा प्याकेजिङ्ग | पटक | २ | ०.५९ | ८० |
| २.६ | अनुगमन निरिक्षण तथा दै.भ्र.भ. खर्च २२६११ | पटक | | | २० |
| | यस आयोजनाको जम्मा खर्च | | | ३.३४ | २२५ |
| ३ | व्यवसायिक तरकारी उत्पादन तथा बजार प्रवर्द्धन आयोजना | | | | |
| | पकेट क्षेत्र : धोबेखोला,जगत, विहार, मधुरावेंशी र रामपुर | | | | |
| ३.१ | नगरपालिका स्तरिय तालिम | संख्या | १ | १.१९ | ८० |
| ३.२ | घुम्ती स्थलगत कृषक तालिम | संख्या | १ | ०.२२ | १५ |
| ३.३ | उत्पादन सामाग्री वितरण ५० प्रतिशत अनुदान | | | | |
| ३.३१ | टनेलभित्र बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक टनेल, थोपासिंचाई | संख्या | १०० | ५.५७ | १७५ |
| ३.३.२ | तरकारीका उन्नत तथा हाईब्रिड बीउ वितरण | संख्या | २००० | ४.४६ | ३०० |
| ३.३.३ | प्राङ्गारिक बाली संरक्षण सेवा (जैविक विषादी) | पटक | ३ | ०.२२ | १५ |
| ३.३.४ | आई पि एन एप्रोच प्रविधि प्रदर्शन (हेंसीनुअर, बयुर) | संख्या | १ | ०.३८ | २० |
| ३.३.५ | कार्यक्रम सामाग्री ढुवानी अनुदान | पटक | १ | ०.३७ | २५ |
| | अनुगमन निरिक्षण खर्च २२६११ | पटक | ३ | ०.४५ | ३० |
| | यस आयोजनाको जम्मा खर्च | | | १२.७८ | ८९० |
| ४ | नविनतम कृषि प्रविधि आयोजना | | | | |
| | कार्य क्षेत्र : सबै वाड | | | | |
| ४.१ | विदेश बाट फर्केका युवाको लागी साझेदारीमा कार्यक्रम | संख्या | २० | २.९७ | २०० |
| ४.२ | उत्पादन तथा क्षेत्रफलमा आधारीत प्रोत्साहन अनुदान कार्यक्रम | जना | ५० | ७.४३ | ५०० |
| ४.३ | तरकारी वालीमा प्रविधि प्रदर्शन तथा हस्तान्तरण कार्यक्रम | संख्या | १२ | ८.९७ | ६०० |
| ४.४ | जलवायु परिवर्तन अनुकुलित कृषि कार्यक्रम | पटक | १ | ०.५९ | ४० |
| ४.५ | वडा स्तरीय कृषक मञ्जल गठन कार्यक्रम | संख्या | १२ | ०.८९ | ६० |
| ४.६ | कृषि फर्म,समुह, सहकारीको मागमा आधारीत कार्यक्रम | पटक | १ | ७.४३ | ५०० |
| ४.७ | न.न.पा. वडा नं. १ का पर्ामिग क्षेत्रका कृषकका लागी ओर लिफिक | पटक | १ | १.४९ | १०० |
| ४.८ | हाटबजार संचालनको लागी व्यवस्थापन खर्च | संख्या | १ | १.४९ | १०० |
| ४.९ | नमुना फलफुल तथ तरकारीका बिरुवा उत्पादनको लागी सेमीहाइटेक | संख्या | १ | २.९८ | १९९ |

| क्र.सं | आयोजनाको प्रमुख कार्यहरु | आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम (बजेट रु हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | भार | बजेट |
| ४.१० | वर्योचार तथा मुत्र संकलन गरी जैविक तरकारी उत्पादन | पटक | २ | ०.८९ | ६० |
| ४.११ | अनुगमन निरिक्षण तथा दै.भ्र.भ. खर्च २२६११ | पटक | ३ | ०.८९ | ६० |
| | *यस आयोजनाको जम्मा खर्च* | | | ५५.८८ | २७१८ |
| ५.० | कृषि प्रसार एवम् बाली विकास आयोजना | पटक | | | |
| | पकेट क्षेत्र : | | | | |
| ५.१ | ७५% अनुदानमा उन्नत बीउ वितरण | पटक | | | |
| ५.१.१ | वर्षे धानको बीउ ७५% अनुदान वितरण | के.जी. | १२०० | ०.९४ | ६३ |
| ५.१.२ | वर्षे मकै ७५% अनुदानमा वितरण | के.जी. | ५००० | ३.९० | २६१ |
| ५.१.३ | गहुँको उन्नत बीउ ७५% अनुदान वितरण | के.जी. | १५०० | १.०४ | ३० |
| ५.१.४ | गहुँको मुल बीउ वितरण ७५ प्रतिशत अनुदानमा | के.जी. | १००० | १.२० | ८१ |
| ५.१.५ | कार्यक्रम सामाग्री ढुवानी अनुदान | पटक | ३ | ०.७४ | ५० |
| ५.१.६ | अनुगमन निरिक्षण तथा दै.भ्र.भ. खर्च २२६११ | पटक | ३ | ०.४९ | ४० |
| | *यस आयोजनाको जम्मा खर्च* | | | ८.४२ | ५६७ |
| ६.० | च्याउ उत्पादन तथा बजार प्रवर्द्धन आयोजना | | | | |
| | पकेट क्षेत्र : सन्धिखर्क नगरपालिका | | | | |
| | ५० प्रतिशत अनुदानमा च्याउ तथा समाग्री वितरण | | | | |
| ६.१ | ५० प्रतिशत अनुदानमा च्याउ बीउ वितरण | बोतल | ५००० | २.९७ | २०० |
| ६.२ | कार्यक्रम सामाग्री ढुवानी | पटक | १ | ०.४५ | ३० |
| ६.३ | अनुगमन निरिक्षण खर्च २२६११ | पटक | १ | ०.६५ | १० |
| | *यस आयोजनाको जम्मा खर्च* | | | ३.५७ | २४० |
| ७.० | **कृषि प्रविधि प्रसार, सेवा टेवा तथा बजार विकास** | संख्या | | | |
| | पकेट क्षेत्र : | | | | |
| ७.१ | झोलमोल बनाउने ड्रम ७५% अनुदानमा वितरण | संख्या | १०० | ०.३३ | २३ |
| ७.२ | कृषि तथ्यांक पुस्तिका प्रकाशन | पटक | १ | ०.४५ | ३० |
| ७.३ | नगरपालिका स्तरीय समस्या पहिचान तथा समाधान एवं योजना तर्जुमा गोष्ठी | पटक | १ | १.६९ | ८० |
| ७.४ | विषादी जनचेतनामूलक फ्लेक्स प्रिन्ट, बुकलेट, लिफलेट, पोष्टर आदि | संख्या | २ | ०.५९ | ४० |
| ७.५ | कृषि संग सरोकार राख्ने निकाय बिच चौमासिक समिक्षा बैठक | पटक | २ | १.४९ | १०० |
| ७.६ | राष्ट्रिय धान दिवस | पटक | | ०.५९ | ४० |
| ७.७ | साना मेशिनरी औजार तथा अन्य कृषि सामाग्री ५० प्रतिशत | संख्या | २० | ११.८९ | ८०० |
| ७.८ | विभिन्न खाद्यान्न तथा तरकारी बालीमा क्रप कटिंग | संख्या | ५० | ०.१५ | १० |
| ७.९ | सुन्तला जात पकेटको निरन्तरता कार्यक्रम क्र.स न६,७,९,१० | संख्या | ४ | २.९७ | २०० |
| ७.१० | नया बालीको पकेट क्षेत्र निर्माण कार्यक्रम | संख्या | २ | ५.६४ | ४०० |
| ७.११ | जिल्ला कृषि सहकारी संघको साझेदारीमा कुलिङ्ग चेम्बर समेतको जिल्ला स्तरीय कृषि उपज बिक्री केन्द्र | संख्या | १ | २.७३ | १५० |
| ७.१२ | नगरपालिकास्तरीय कृषि कार्यक्रमको वार्षिक अनुगमन तथा निरीक्षण कार्यक्रम | संख्या | १ | १.४९ | १०० |
| ७.१३ | विभिन्न सुचना प्रविधिको प्रचार प्रसार तथा प्रसारण | पटक | ६ | ०.४५ | ३० |
| ७.१ | अनुगमन निरिक्षण तथा दै.भ्र.भ. खर्च २२६११ | पटक | ३ | १.०४ | ७० |
| | *यस आयोजनाको जम्मा खर्च* | | | १०.७९ | १००३ |
| | कुल जम्मा खर्च | | | १०० | १०१० |

Scanned with CamScanner

निर्णय नं. ९

पशु विकास शाखाले आर्थिक विकास समिति मार्फत पेश गरेको संलग्न विवरण अनुसारको बजेट तथा कार्यक्रम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**आ.व. २०७६/०७७ को कार्यक्रम तथा बजेट**

## सन्धिखर्क नगर कार्यपालीका कार्यालय , अर्घाखांची

**पशु सेवा शाखा**

०७६।०७७ को स्वकृत कार्यकम बजेट रु. ह.

| क.स. | क्रियाकलाप | इकाइ | आर्थिक वर्ष २०७६/७७ | | | |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | | | कैफियत |
| | | | परिमाण | भार | बजेट | |
| १ | पशु सेवा प्रसार कार्यक्रम | | | | | |
| | चालु खर्च अन्तरगतका कार्यक्रमहरु | | | | | |
| १.१ | एक वडा एक प्राविधिक तलब पोशाक (वडा नं ८,१०,११) | जवान | ३ | १३.७१ | ५८०.० | |
| १.२ | पशु स्वास्थ्य व्यवस्थापन तथा औषधि खरिद | पटक | ३ | ७.०२ | ३००.० | |
| २ | प्रयोगशाला सेवा कार्यक्रम रोग निदान | | | ०.०० | | |
| २.१ | गोबर परीक्षण | संख्या | १०० | ०.०० | | |
| २.२ | पिसाब परीक्षण | संख्या | १०० | ०.०० | | |
| २.३ | दुधको परीक्षण | संख्या | १०० | ०.०० | | |
| २.४ | एन्टी रेबिज ब्याक्सिन | पटक | २०० | ०.२४ | १०.० | |
| २.५ | औषधि खरिद तथा भ्याक्सिन कार्यका लागी प्राविधिक अनुगमन | पटक | ३ | १.०६ | ४५.० | - |
| ३ | तालीम कार्यक्रम | | | ०.०० | | |
| ३.१ | व्यवसायीक पशु [illegible] तालीम १ दिने | पटक | १ | २.३६ | १००.० | |
| ३.२ | व्यवसायीक बाख्रापालन तालिम १ दिने | पटक | १ | २.३६ | १००.० | |
| ३.३ | पशु [illegible] तालीम १ दिने | पटक | १ | २.३६ | १००.० | |
| ३.४ | [illegible] , उन्नत घाँस [illegible] , [illegible] [illegible] | पटक | ३ | १.०६ | ४५.० | |
| ३.५ | पशु [illegible] प्रचार प्रसार | पटक | १ | १.४२ | ६०.० | |
| ३.६ | [illegible] | पटक | १ | ०.५९ | २५.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बनुसार कार्यक्रम | | | ०.०० | | |
| ४.१ | गाइ भैंसीको गोठ सुधार | संख्या | २४ | ११.३५ | ४८०.० | |
| ४.२ | उन्नत रागो वितरण ढुवानी सहित | संख्या | ३ | ४.२६ | १८०.० | |
| ४.३ | कुखुराका चल्ला वितरण ढुवानी समेत | संख्या | २००० | २.८४ | १२०.० | |
| ४.४ | खोर गोठको प्राविधिक अनुगमन साथै रागो ,कुखुरा खरीद दै.भ्र भत्ता | पटक | २ | १.४२ | ६०.० | |
| ४.५ | अर्घाखाँची सहकारी ली. डेरी चिलिङ प्लाट मर्मत | पटक | १ | ७.०९ | ३००.० | |
| ४.६ | जालकाडा बाखापालन समूह स.न.पा. ११ बोएर बोका प्रवर्धन तथा व्यवस्थापन खोर मर्मत | पटक | १ | २.३६ | १००.० | |
| ५ | बजार प्रवर्द्धन कार्यक्रम | | | ०.०० | | |
| ५.१ | डिप फ्रिज वितरण (मासुपसल तथा डेरी पसलको लागी ) | संख्या | १२ | ९.९३ | ४२०.० | |
| ५.२ | मिल्क एनालाइजर खरीद वितरण | संख्या | १ | २.३६ | १००.० | |
| ६ | घाँस विकास कार्यक्रम | | | ०.०० | | |
| ६.१ | हिउदे जै , बर्सिम भेच खरिद वितरण | हेक्टर | १० | ३.१९ | १३५.० | |
| ६.२ | बर्षे घांस सुडान बाजरा टियोसेन्टी | हेक्टर | १० | २.३६ | १००.० | |
| ६.३ | घांस खरीद अनुगमन दै भ. | पटक | २ | ०.७१ | ३०.० | |
| ७ | पकेट क्षेत्र विकास बाखा | | | ०.०० | | |
| ७.१ | उत्तेजी बाखापालन कार्यक्रम) खोर तालीम बोका बन्य स.न.पा. २ | संख्या | १ | ११.८२ | ५००.० | |
| ७.२ | सहकार्यमा बोका वितरण खरीद ढुवानी | संख्या | १२ | ८.९८ | ३८०.० | |
| | | | | १०१ | ४२७०.० | |

# सन्धिखर्क नगर कार्यपालिका कार्यालय अर्घाखाँची

खर्च शिर्षक :

पशु सेवा शाखा

आ.व. ०७६/०७७ को स्वीकृत कार्यक्रम बजेट (रु.हजार)

सशर्त तर्फको

| क.स. | क्रियाकलाप | एकाइ | आर्थिक वर्ष २०७६/७७ | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | | | प्रथम चौमासिक लक्ष | | | दोस्रो चौमासिक लक्ष | | | तेस्रो चौमासिक लक्ष | | | |
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | पशु स्वास्थ्य व्यवस्थापनको लागि औषधि वितरण ३१२०११०२ | पटक | | | | | | | | | | | | | |
| | औषधि खरिद तथा वितरण | | | | | | | | | | | | | | |
| | उपचार सेवा | | ३ | | १००.० | १ | | ३०.० | १ | | ४०.० | १ | | ३०.० | |
| १.१ | मेडिकल उपचार | संख्या | ३००० | | | १००० | | | १००० | | | १००० | | | |
| १.२ | सर्जिकल उपचार | संख्या | ६०० | | | २०० | | | २०० | | | २०० | | | |
| १.३ | गाईनोकोलोजिकल उपचार सेवा | संख्या | १००० | | | ३०० | | | ४०० | | | ३०० | | | |
| १.४ | पशु स्वास्थ्य शिविर | पटक | १ | | ४५.० | | | | | | | १ | | ४५.० | |
| २.० | पशुपन्छी तथा मत्स्य उपचार सेवा | पटक | ३ | | ६०.० | १ | | २०.० | १ | | २०.० | १ | | २०.० | |
| ३.० | बर्डफ्लु रोग लगायत अन्य रोगहरूको नियन्त्रणको लागि बैठक तथा नमूना संकलन तथा रिपोर्टिङ गर्ने | | | | | | | | | | | | | | |
| ३.१ | बर्डफ्लु रोग नियन्त्रणको लागि बैठक | पटक | १ | | ५०.० | | | | | | | १ | | ५०.० | |
| ३.२ | नमूना संकलन | पटक | ३ | | १२.० | १ | | ४.० | १ | | ४.० | १ | | ४.० | |
| ३.३ | इपिडेमियोलोजिकल रिपोर्टिङ | पटक | १२ | | १३.० | ४ | | ४.० | ४ | | ४.० | ४ | | ५.० | |
| ४.० | विभिन्न औपचारिक कार्यमा संलग्न व्यक्तिहरूलाई पारिश्रमिक | पटक | १ | | १२५.० | | | | | | | १ | | १२५.० | |
| ५.० | तरल नाईट्रोजन ढुवानी तथा भण्डारण वितरण तथा व्यवस्थापन | | | | | | | | | | | | | | |
| ५.१ | नाईट्रोजन खरिद तथा ढुवानी | पटक | ३ | | ६०.० | १ | | २०.० | १ | | २०.० | १ | | २०.० | |
| ५.२ | कृत्रिम गर्भाधानको लागि आवश्यक सामग्री ए.आई गन, स्याथ, ग्लोभ्स, सिथ, कटर, स्ट्रिङ तथा सम्बन्धित सामग्री खरिद | पटक | ३ | | १८०.० | १ | | ६०.० | १ | | ६०.० | १ | | ६०.० | |
| | कुल जम्मा | | | | ६४५.० | | | १३८.० | | | १४८.० | | | ३५९.० | |

तयार गर्ने :

सदर गर्ने :

Scanned with CamScanner

निर्णय नं. १०

शिक्षा, खेलकुद तथा युवा शाखा मार्फत पेश भएको संलग्न विवरण अनुसारको बजेट तथा कार्यक्रम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

| सि नं. | कार्यक्रम | एकाइ | रकम रु. हजारमा |
|---|---|---|---|
| १ | बालविकासकेन्द्रका स.का. को लागि तालिम | ३०जना | ५० |
| २ | बालविकासकेन्द्रका स.का. को लागि प्रोत्साहन भत्ता | ६५जना | ११७० |
| ३ | प्राथमिकतह संचालित विद्यालयका बालविकास केन्द्रको लागि शैक्षिक सामाग्री वितरण | ४०वटा | ७५ |
| ४ | शिक्षकअभिभावक संघका अध्यक्षहरुको लागि अभिमुखिकरण | ७०जना | ५० |
| ५ | नवनियुक्तशिक्षक अभिमुखिकरणतालिम | २०जना | ५० |
| ६ | विद्यार्थीभर्ना अभियान | १पटक | २५ |
| ७ | चित्रकला, संगीत, नृत्य, वादविवाद, हाजिरी जवाफ, बक्तृत्वकला, निबन्ध तथा कवितालेखन, | ८वटा | २०० |
| ८ | शैक्षिकसागाग्रीनिर्माण तथा प्रयोग सम्बन्धीकार्यशाला | १पटक | ५० |
| ९ | आधारभूततह कक्षा -८ परीक्षा सञ्चालन | १पटक | २०० |
| १० | शिक्षकतथा विद्यालयका कर्मचारीकोलागि लेखापालनको २ दिने तालिम | १२०जना | २०० |
| ११ | शिक्षणअनुदान | ६वटा | ९०० |
| १२ | उत्कृष्टसिकाइ उपलब्धि भएका सामुदायिक माध्यमिक र आधारभूत विद्यालयलाई प्रोत्साहन | २वटा | १२५ |
| १३ | विद्यालयअनुगमन तथा निरीक्षण | निरन्तर | १५० |
| १४ | प्रअ बैठक | १०पटक | ७५ |
| १५ | बास्केटबलवोर्ड निर्माण | १पटक | १०० |
| १६ | आधारभूततह कक्षा ८ तथा एस इ इ परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन | २विद्यालय | १०० |
| १७ | विद्यालयकोभौतिक निर्माण कार्यक्रम अनुदान | ५वटा | ५०० |
| १८ | शिक्षकदरबन्दि मिलान | १वटा | २०० |
| १९ | नगरशिक्षा समिति बैठक | ५पटक | ५० |
| २० | शिक्षाविज्ञ समूहको अन्तर्क्रियाकार्यक्रम | १पटक | ५० |
| २१ | निर्मलनवज्योति सुस्त मनस्थिति विद्यालयलाई अनुदान | १वटा | १०० |
| २२ | पाणिनिवेदविद्याश्रम विद्यालयलाई अनुदान | १वटा | २०० |

Scanned with CamScanner

| सि नं. | कार्यक्रम | एकाइ | रकम रु. हजारमा |
|---|---|---|---|
| २३ | युवाप्रतिभा पहिचान | १पटक | ५० |
| २४ | युवालाईदुर्व्यसनका दुष्परिणामबारे सचेतीकरण | १पटक | ३० |
| २५ | प्राविधिकविषयको स्नातक तहमा अध्ययनरत विपन्न दलित छात्रछात्राकोलागि छात्रवृत्ति | १जना | ५० |
| २६ | प्रतिभावानखेलाडिको लागि प्रोत्साहन | ५जना | ५० |
| २७ | शिक्षासम्बन्धी कार्यविधि निर्माण | १/१पटक | ५० |
| २८ | व्यवस्थापनसमितिका पदाधिकारीहरुसँग अन्तर्क्रिया | १पटक | २५ |
| २९ | बालविकास केन्द्रकोलागि खानेपानीको फिल्टर वितरण | २०वटा | ४० |
| ३० | स्थानीयपाठ्यक्रम निर्माण सम्बन्धी कार्यशाला | १पटक | ७५ |
| ३१ | अंग्रेजीमाध्यमबाट पढाईने विद्यालयलाई प्रोत्साहन | १२वटा | १०० |
| ३२ | शिक्षादिवस पुरस्कार तथा सम्मान | १पटक | ५० |
| ३३ | SMART SCHOOL डिजिटल स्टेप APP को प्रयोग (मागको आधारमा लागत साझेदारीमा) | | २१० |
| | ई. हाजिरी सहयोग कार्यक्रम | | ३०० |
| ३४ | प्रत्येकवडाको १ नमुनालायक आधारभूत विद्यालयकोलागि अनुदान | १२ | ६०० |
| ३५ | सवै सामुदायिक मा.वि.लाई अतिरिक्त कक्षासंचालनका लागि अनुदानगणित र विज्ञान | १० | ५०० |
| ३६ | बालमन्दिरलाईअनुदान | १ | ५० |
| ३७ | एस.ई.ई./कक्षा ११ /१२ परीक्षा अनुगमन | ६ | १०० |
| ३८ | विद्यार्थीसंगनगर कार्यक्रम | १ | १०० |
| | कुल जम्मा | | ७००० |

**निर्णय नं. ११**

राजश्व परामर्श समिति मार्फत पेश भएको राय बमोजिम विभिन्न स्थालबाट अनुमती विना नै ढुङ्गा गिटी बालुवा उत्खनन् भैरहेकोमा सो कार्य रोक्नका लागि आवश्यक कार्ययोजना तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं.१२**

यस सन्धिखर्क नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको यथार्थ तथ्याङ्क अध्यावधिक गर्नका लागि कार्यपालिका सदस्य मार्फत सम्पूर्ण वडा सचिवहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

शिक्षा खेलकुद तथा युवा शाखा मार्फत पेश भएको संलग्न विवरण अनुसार यस नगरपालिकाको वडा नं. १ स्थित वाल आधारभूत विद्यालय तुमकोटको विद्यालय व्यवस्थापन समितिले विद्यालयको साविक कि.नं. १२०२ सित सटेको सन्धिखर्क नगरपालिका वडा नं. १ स्थित लदाम रानीगैराको उपयुक्त ३० रोपनी जग्गामा विद्यालयको स्वामित्व कायम हुने गरी विद्यालयको साविकको कित्ता नं. १२०२ (हाल कित्ता नं. ७६१ को ५२००.८८१ वर्ग मिटर र ७६२ १११३२.२३८ वर्ग मिटर को कुल १६३३३.११९ वर्ग मिटर) ३२ रोपनी १ आना २ पैसा २ दामको क्षेत्रफल भएको जग्गाको स्वामित्व शसस्त्र प्रहरी वल नेपालको ३६ नं. गुल्म अर्घाखांचीलाई हस्तान्तरण गर्ने प्रयोजनका लागि आवश्यक प्रकृया अघि बढाउने निमित्त विद्यालय सम्पत्ति संरक्षण समिति अर्घाखांचीलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय न. १४**

सडक बोर्ड नेपालको मिति २०७६/५/१२ को पत्रानुसार सडक बोर्ड तर्फको रु.३८,००,०००।– (अड्तीस लाख) र स.न.पा.को म्याचिङ रु.१२,००,०००।–(वाह्र लाख) गरी कुल जम्मा रु.५०,००,०००।– (पचास लाख) बाट सन्धिखर्क नगरपालिका अन्तर्गत वडा नं. १ र २ भित्रका कालोपत्रे सडक तथा नाली मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय न. १५**

मिति २०७६।७।२२ गतेका दिन पर्न गएको हरिबोधनी एकादशीका दिन यस नगरपालीका तथा अन्तर्गतका कार्यालयहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ मंसिर १८ गते बिहान ८:०० बजे देखि सचिवालयमा नगरकार्यपालिकाको बैठक नगरप्रमुख श्री कमल प्रसाद भुसाल ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितीमा बसी देहायका निर्णय पारित गर्दै बैठक सम्पन्न भयो;

उपस्थिती:

| | | |
|---|---|---|
| अध्यक्षता | : | नगरप्रमुख श्री कमलप्रसाद भुसाल |
| सदस्य | : | नगर उपप्रमुख श्री ठाकुर कुमारी वि.क. |
| " | : | श्री युवराज बञ्जाडे लक्ष्मण पराजुली |
| " | : | श्री मोतिराज, रायमाझी |
| " | : | श्री तिलाराम गौतम |
| " | : | श्री कृष्ण प्रसाद श्रेष्ठ |
| " | : | श्री राजेन्द्र भुसाल |
| " | : | श्री कृष्णबहादुर आचार्य |
| " | : | श्री ~~तिलक बहादुर थापा~~ वा.अ. विष्णु प्र. थापा |
| " | : | श्री ईश्वरी प्रसाद भुसाल |
| " | : | श्री देवि बहादुर रायमाझी |
| " | : | श्री लक्ष्मी नारायण घिमिरे |
| " | : | श्री धुवराज आचार्य |
| " | : | श्री नारायण खड्का |
| " | : | श्री प्रेम बहादुर सुनार |
| " | : | श्री धनकला थापा |
| " | : | श्री सुमना वि.क. |
| " | : | श्री बसन्ता के.सि. |
| " | : | श्री पदमा भुसाल |
| " | : | श्री लक्ष्मी नेपाली |
| " | : | श्री रूपा वि.क. |
| " | : | श्री दिपकला रुपढा |
| सदस्य सचिव | : | श्री जीवन ज्ञवाली |

**निर्णय नं. १**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रीमकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६ (१) बमोजिम यस नगरपालिका भित्र तपसिल अनुसारको योजनाहरुको लागत इष्टिमेट गरी उल्लेखित आयोजनामा प्रधानमन्त्री रोजगार कार्यक्रम बाट प्राप्त हुने रकम मध्ये तोकिएको सिमाभन्दा बढी निर्माण सामाग्रीमा लाग्ने रकम नगरपालिकाको श्रोतबाट व्यहोर्ने र श्रमिकको ज्याला सोही कार्यक्रममा सूचीकृत भएका श्रमिकहरुबाट सम्पादन गर्ने गरी योजना स्वीकृतीको लागी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | लदाम तुम्कोट झेडी हुँदै मिलमिले मोटरबाटो पक्की नाली निर्माण | वडा नं.१ | |
| २. | माटे कविरा हुँदै रनुवा कुलो मर्मत | वडा नं.१ | |
| ३. | वस पार्क देखिलदाम रनुवा हुँदै वार्दी खेलमैदान मोरबाटो स्तोरन्नती | वडा नं.१ | |
| ४. | चुत्रावेसी बजारका नाली निर्माण | वडा नं.२ | |
| ५. | ढोरपाटन पल्लावारी मोटरबाटो नाली निर्माण | वडा नं.२ | |
| ६. | हाटबजार निर्माण | वडा नं.२ | |
| ७. | सिटी भ्यू टावरको गेट, तारवार, ट्रस, वगैचा र ट्वाइलेट निर्माण | वडा नं.२ | |
| ८. | हटारीनेटा टुनी पोखरा मोटरबाटो नाली निर्माण | वडा नं. ३ | |
| ९. | बेलचौर छापडाडा वराहनेटा काब्राडाडा ढोरपाटन नाली निर्माण | वडा नं. ३ | |
| १०. | जाडी खोला आमडाडा खड्काथुम देउरालीडाडा लिफ्ट खानेपानी योजना | वडा नं.४ | |
| ११. | रिठेखोला आमडाडा माझहटिया जरेखोला मोटरबाटो नाली निर्माण | वडा नं.४ | |
| १२. | माझहटिया सभाहल पूर्णता | वडा नं.४ | |
| १३. | मथुरा वगैचा संरक्षण तथा जङ बहादुरको जन्म दरवार पुननिर्माण | वडा नं.५ | |
| १४. | पदमार्ग निर्माण | वडा नं.५ | |
| १५. | रातटारी जगत नगरपानी मोटरबाटो नाली निर्माण | वडा नं.६ | |
| १६. | घुम्ति वडा कार्यालय फुदवाङ मोटरबाटो नाली निर्माण | वडा नं.६ | |
| १७. | फुदवाङदेखि कनटारी डिही किटनी हुँदै खांचीखोला मोटरबाटो नाली निर्माण | वडा नं.७ | |
| १८. | वगैचादेखि चन्द्रप्रभा हुंदै खानी गाउं मोटरबाटो नाली निर्माण | वडा नं.७ | |
| १९. | जाडीखोला रिठेखोला मोटरबाटो नाली निर्माण | वडा नं.७ | |
| २०. | गच्छे भालुखोला पल्लावारी मोटरबाटो नाली निर्माण | वडा नं.७ | |
| २१. | घोचेखोला सिमलखोला पकले मोटरबाटो नाली निर्माण | वडा नं.८ | |
| २२. | शिवनेटा खापडाडा पकले मोटरबाटो नाली निर्माण | वडा नं.८ | |
| २३. | रुब्दी पोखेडाडा फलेपथ राशीचौर भण्डार मोटरबाटो नाली निर्माण | वडा नं.९,१० | |
| २४. | ढोरपाटन नौलापानी चपरुङ मोटरबाटो नाली निर्माण | वडा नं.९ | |
| २५. | मिरलिङ्गकोट अलिवाङ दरवार सिडी निर्माण | वडा नं.९ | |
| २६. | गैरासकेटी खानेपानी टंकी निर्माण | वडा नं.९ | |
| २७. | धरमशालादेखि दिनेका पोखरा हुँदै ढोरपाटन जोडने मो.वा. | वडा नं.१० | |
| २८. | धरमशालादेखि वडाकार्यालय हुँदै डल्लेवाटा जोडने मो.वा. | वडा नं.१० | |
| २९. | विहार कविरा लहरेवाद जोगीमारे अमिले सडक स्तरोन्ती कार्य | वडा नं.११ | |

Scanned with CamScanner

| सि.नं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| ३०. | चौडिला पाकुरीकारुख डाडाकटेरी पक्की नाली निमर्माण | वडा नं.११ | |
| ३१. | एकगाग्रे जोगिमारे आदरभूत विद्यालय हडाहा नेपाली टोला अधुरो कृषि सडक स्तरोन्नती तथा नया कट्टिङ | वडा नं.११ | |
| ३२. | डाडनया पोखरा मिर्लमिले मो.बा.स्तरोन्नी | वडा नं.११ | |
| ३३. | जिमुरथुम गायत्रीटोला टाकुरा मो.बा. स्तरोन्नती | वडा नं.१२ | |
| ३४. | आफ्रा भद्राचौर छाप मो.बा. नाली निर्माण | वडा नं.१२ | |
| ३५. | दुडीखेल खेलमैदान तारवार, वस्कटवल कोट तथा प्याराफिट निर्माण | वडा नं.१ | |
| ३६. | पाणिनी क्याम्पस पूर्वाधार निर्माण | वडा नं.१ | |
| ३७. | शान्ति बगैचाको वाल निर्माण तथा पूर्णता निर्माण | वडा नं.१ | |
| ३८. | लदाम बगैचा पूर्ण निर्माण | | |

**निर्णय नं. २**

आ.व.२०७६/७७ मा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रदेश नं. ५ ले प्रदेश अन्तर्गत आंगिक, साझेदारी, टेक्स विद्यालय तथा परिषद्वाट सम्बन्धन स्विकृति लिई संचालित नीजि शिक्षण संस्था र तालिम प्रदाय संस्थाहरु मार्फत विभिन्न सीपमूलक तालिमहरु संचालन गर्ने लक्ष्य लिई तालिमको माग भए वमोजिम तपसिलमा उल्लेखित तालिमका विषयवस्तुहरु प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रदेश नं. ५ मा पठाउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| ➤ | मोटरसाइकल मर्मत तालिम | |
| ➤ | पलाम्बर तालिम | |
| ➤ | इलेक्ट्रिसियन तालिम | |
| ➤ | मोवाई मर्मत तालिम | |
| ➤ | बेदवासबाट निर्माण हुने सामाग्री तयारको लागि तालिम | |
| ➤ | ब्यूटि पार्लर तालिम लेवल प्रथम तथा दोश्रो | |
| ➤ | फलामका भाडा बनाउने तालिम | |
| ➤ | ड्राइभिङ तालिम | |
| ➤ | कम्प्यूर मर्मत तालिम | |

**निर्णय नं. ३**

घरेलु तथा साना उद्योग विकास समिति सन्धिखर्क अर्घाखाँचीको मिति २०७६।७।२६ को पत्रानुसार आ.व.२०७६/७७ को स्वीकृत कार्यक्रम सिप विकास तथा रोजगार कार्यक्रम अन्तर्गत "दलित समुदायका लागि भगत सर्वजित सिप विकास तथा रोजगार तालिम" को लागि २० जना सहभागी

Scanned with CamScanner

छनोट गरी दुई वटा विषयवस्तु र दुई वटा तालिम स्थल छनोट गर्न माग भए अनुसार देहाय बमोजिमको निर्णय गरियो ।

१) सहभागी वडाहरुले छनोट गरी सिफारिस सहित नगरपालिका पठाउने ।

२) तालिम      १) घरेलु हातहतियार बनाउने एडभान्स कोर्ष

                २) सिलाई कटाई एडभान्स कोष

३) स्थान:      १) सन्धिखर्क          २) चुत्रावेसी

**निर्णय नं.४**

यस नगरपालिका अन्तर्गत नमुना विद्यालयको रुपमा रहेको स.न.पा.-८ स्थित जनता कृष्ण माध्यमिक विद्यालयको स्वीकृत नमूना विद्यालय विकास गुरुयोजना अनुसार आ.ब.२०७६/०७७ को वार्षिक कार्ययोजना अनुसार तपसिल बमोजिमको DPR स्वीकृत गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) आठकोठे भवन निर्माण | रु.९८,६०,८०२।- |
| २) शौचालय निर्माण | रु. १९,८४,३७९।- |
| ३) प्लास्टर रंगरोगन | रु.२५,८३,४१२।- |
| ४) मन्दिर निर्माण | रु. २,००,०००।- |
| ५) मेशिनरी वाल | रु.३,७१,४०७।- |
| कुल जम्मा | रु.१,५०,००,०००।- |

**निर्णय नं.५**

स्थानीय तह खानेपानी सरसफाई तथा स्वच्छता (वास) योजना तर्जुमा निर्देशिका अनुसार यस सन्धिखर्क नगरपालिकाको वास योजना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

जिल्ला हुलाक कार्यालयको च.नं. १३८ मिति २०७६/७/२४ गतेको पत्रानुसार यस नगरपालिका अन्तर्गत रहेका इलाका हुलाक कार्यालय तथा अतिरिक्त हुलाक कार्यालयहरुको स्थानान्तरण सम्बन्धमा छलफल हुंदा हाललाई यथास्थानमै कायम रहने निर्णय गरियो ।

**निर्णय नं.७**

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाबाट पारित प्राईभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को ऐन नं. २४ को दफा ६ मा स्थानीय तहमा प्राइभेट फर्म दर्ता सम्बन्धम व्यवस्था भएको र सोही फर्म दर्ता सम्बन्धमा प्रदेश नं. ५ बाट पारित नियमावली, २०७६ को नियम ८ मा यस ऐन तथा नियमावलीको अधिनमा रही रु.५ लाखसम्म पूंजी भएको प्राइभेट फर्म सम्बन्धित स्थानीय तहमा दर्ता नविकरण र अद्यावधिक गर्नु पर्ने

Scanned with CamScanner

छ भनि उल्लेख भएको हुँदा सोही ऐन तथा नियमावली बमोजिम यस सन्धिखर्क नगरपालिकाले प्राईभेट फर्मको दर्ता नविकरण र अध्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालको च.नं. १२३ मिति २०७६।७।२१ गतेको पत्रबाट रु.२५ लाखको अख्तियारी सम्बन्धमा जानकारी प्राप्त भयो सो सम्बन्धमा विस्तृत छलफल आगामी कार्यपालिकामा बैठकमा गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

सन्धिखर्क नगरपालिकाका भित्रका दलित, जनजाती समुदायका विपन्न परिवारहरु विपद तथा प्रकोपजन्य घटनाहरु (वर्षातको समयमा छाना चुहिएर घर भत्कीने तथा सुख्खा तथा खडेरीको समयमा आगलागीका घटना) बाट प्रभावित भै घर वासविहिन भएको अवस्थालाई मध्यनजर गरी आ.व.२०७६/७७ को नीति तथा कार्यक्रममा नगरपालिका, संघिय सरकार तथा प्रदेश सरकार र अन्य दातृ संस्था समेतको सहयोगमा खर तथा ढुङ्गाको छाना मुक्त गरी जस्तापाले घर छाउन सहयोग गर्ने गरी नगर सभाबाट नीति तथा कार्यक्रम स्वीकृत भएकोले प्रदेश मन्त्रिपरिषद, ५ नं. प्रदेशबाट मिति २०७६/६/१७ मा स्वीकृत विशेष अनुदान कार्यविधि, २०७६ बमोजिम विशेष अनुदान माग गरी विपन्न दलित तथा जनजाती समुदायको खर तथा ढुङ्गाको छाना विस्थापित गरी जस्तापाताले घर छाउनको लागि जस्ता पाता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस सन्धिखर्क नगरपालीका वडा न. १२ डिभर्ना स्थाइ घर भइ हाल नेपाल प्रहरीमा कार्यरत श्री कमल श्रेष्ठले तेह्रौं दक्षिण यसियाली खेलकुद प्रतियोगीतामा तेक्वान्दोको पुङसे विधामा प्रथम स्थान हासिल गरि स्वर्ण पदक प्राप्त गर्न सफल भएकोमा शिक्षा युवा तथा खेलकुद शाखाको रु. ७० लाखको पारित बार्षिक बजेट तथा कार्यकम अन्तर्गत क्र.स. २६ मा रहेको प्रतिभावान खेलाडीको लागि प्रोत्साहन शिर्षकमा  पांच जनालाई प्रोत्साहन गर्ने गरि बिनियोजित रकम रु. ५०००० मध्यबाट रु २५००० रकम पुरस्कार स्वरुप प्रदान गरि सम्मान गर्ने निणय गरियो ।

Scanned with CamScanner

निर्णय न. ११

यस सन्धिखर्क नगरपालीका भित्रका तपशिलका योजनाहरुलाई तत्काल कार्यान्वयन गर्नुपर्ने देखिएको तर नगरपालीकाको न्यून श्रोतका कारण कार्यान्वयन गर्न नसकिएकोले आवश्यक बजेट सहित कार्यान्वयनको व्यवस्था मिलाइदिन देहायका संघिय तथा प्रदेश मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो

| सि. न. | आयोजनाको नाम . | योजना संचालन हुने स्थान | अनुरोध गरिएको निकाय |
|---|---|---|---|
| १ | घाटखोला हाडफोर्नि लिफ्टिङ खानेपानी योजना | स. न. पा. ११ | भौतिक पूर्वाधार विकाश मन्त्रालय, बुटवल |
| २ | कुडुले छात्रावास लिफ्टिङ खानेपानी योजना | स. न. पा. ५ | भौतिक पूर्वाधार विकाश मन्त्रालय, बुटवल |
| ३ | झाडीखोला आमडाडा खड्काथुम मसुरखोला अमलडाडा देउरालीडाडा लिफ्टिङ खानेपानी योजना | स. न. पा. ४ | भौतिक पूर्वाधार विकाश मन्त्रालय, बुटवल |
| ४ | राजुपानी डिलक्षरा खानेपानी योजना | स. न. पा. ९ | भौतिक पूर्वाधार विकाश मन्त्रालय, बुटवल |
| ५ | वजार क्षेत्रका सडकहरुका नाली तथा ढल निर्माण | स. न. पा. १ र २ | खानेपानी मन्त्रालय, सिंहदरबार काठमाण्डौ |
| ६ | फुदवाङ डिहिकिटानी खाची मैदान विहार सुपादेउराली सडक स्तरउन्नती | स. न. पा. ६ र ७ | भौतिक पूर्वाधार विकाश मन्त्रालय, बुटवल |
| ७ | वसपार्क स्तरउन्नती | स. न. पा. १ | शहरी विकाश मन्त्रालय, सिंहदरवार काठमाण्डौ |
| ८ | वराहकारुख देखि धरम्पानी मिनीकोट अर्घा भगवती दरवार पर्यटन सडकको स्तरउन्नती | स. न. पा. २ | शहरी विकाश मन्त्रालय, सिंहदरबार काठमाण्डौ |

Scanned with CamScanner

आज मिति २०७८।०५।२२ गते सन्धिखर्क नगरकार्यपालीकाको बैठक नगरप्रमुख श्री कमल प्रसाद भुसाल ज्यूको अध्यक्षतामा तपसिलको उप स्थितिमा बसी तपसिलका निर्णय गरियो;

उपस्थिती

अध्यक्षता : नगरप्रमुख श्री कमल प्रसाद भुसाल
सदस्य : नगरउपप्रमुख श्री ठाकुर कुमार वि. क.
" : श्री ध्रुवराज बञ्जाडे
" : श्री मोतिजंग रायमाझी
" : श्री लिलाराम गौतम
" : श्री कृष्ण प्रसाद श्रेष्ठ
" : श्री राजेन्द्र भुसाल
" : श्री कृष्ण बहादुर आचार्य
" : श्री प्रितम बहादुर थापा
" : श्री इश्वरी प्रसाद भुसाल
" : श्री देवी बहादुर रायमाझी
" : श्री लक्ष्मी नारायण पौडेल
" : श्री ध्रुवराज आचार्य
" : श्री नारायण खड्का
" : श्री मान बहादुर सुनार
" : श्री पद्मकला थापा
" : श्री सुजना वि क.
" : श्री बसन्ता के. सि.
" : श्री पदमा भुसाल
" : श्री लक्ष्मी नेपाली
" : श्री रूपा वि. क.
" : श्री हिमकला टमटा
सचिव : श्री जीवन ज्ञवाली
श्री हरि व बोहरा

**निर्णय नं. १**

विधेयक समितिमा छलफल भै पेश हुन आएको वातावरण व्यवस्थापन तथा प्राकृतिक श्रोत संरक्षण विधेयक २०७६ स्विकृतीको लागी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

समपूरक अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७६ बमोजिम यस सन्धिखर्क नगरपालिकाको आ.व.२०७७/०७८ को लागि तपसिल अनुसारका योजनाहरु मध्ये चालु आ.व.मा स्वीकृत **सन्धिखर्क नगरपालिका वडा नं ३,४,९,११ वडा कार्यालय भवन निर्माण** क्रमागत योजनाहरुलाई पहिलो प्राथमिकतामा राखि आगामी आ.व.२०७७/०७८ को लागि देहायका योजनाहरुमालाई समपुरक अनुदानको लागि राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो । साथै उक्त समपुरक अनुदानका योजनाहरुको लागि ५० प्रतिशत लागत साझेदारी गर्ने गरी श्रोत सुनिश्चीतता गर्ने निर्णय गरियो ।

**तपसिल**

| प्रगथमिकता क्रम | योजनाको नाम | क्षेत्र | कुल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | सन्धिखर्क नगरपालिका वडा नं ३,४,९,११ वडा कार्यालय भवन निर्माण | सुशासन तथा अन्य क्षेत्र | ७९६७६११९.२५ | आ.व. २०७६/७७ देखि क्रमागत |
| २ | चुत्रावेसी-कुर-लातेबाँझ ग्रामिण सडक आयोजना | पूर्वाधार | १८९६७५९२.५० | आ.व. २०७७/७८ देखि क्रमागत |
| ३ | चुत्रावेसी-भक्तीटोला-धरम्पानी -अर्घामैदान ग्रामिण सडक आयोजना | पूर्वाधार | ९९३५८०४२.७८ | |

**निर्णय नं. ३**

विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७६ बमोजिम यस सन्धिखर्क नगरपालिकाको आ.व.२०७७/०७८ को लागि तपसिल अनुसारका योजनाहरु मध्ये चालु आ.व.मा स्वीकृत **गर्लाम अर्घा मैदान लिफ्ट खानेपानी आयोजना** क्रमागत योजनाहरुलाई पहिलो प्राथमिकतामा राखि आगामी आ.व.२०७७/०७८ को लागि सन्धिखर्क नगरपालिकाका भित्रका दलित, जनजाती समुदायका विपन्न परिवारहरु विपद तथा प्रकोपजन्य घटनाहरु (बर्षातको समयमा छाना चुहिएर घर भत्कीने तथा सुख्खा तथा खडेरीको समयमा आगलागीका घटना) बाट प्रभावित भै घर वासविहिन भएको अवस्थालाई मध्यनजर गरी आ.व.२०७६/७७ को नीति तथा कार्यक्रममा नगरपालिका, संघिय सरकार तथा प्रदेश सरकार र अन्य दातृ संस्था समेतको सहयोगमा खर तथा ढुङ्गाको छाना मुक्त गरी जस्तापाले घर छाउन सहयोग गर्ने गरी नगर सभाबाट नीति तथा कार्यक्रम स्वीकृत भएकोले विशेष अनुदान कार्यविधि (पहिलो संशोधन) २०७६ बमोजिम विशेष अनुदान माग गरी विपन्न दलित तथा जनजाती समुदायको खर तथा ढुङ्गाको छाना विस्थापित गरी जस्तापाताले घर छाउनको लागि जस्ता पाता उपलब्ध गराउने निर्णय गरियो । साथै यस नगरपालिका भित्रका



Scanned with CamScanner

विपन्न लक्षित समुदाय र साना कृषकहरुको आयआर्जनको लागि कृषि तथा पशुजन्य वस्तु र स्थानीय परम्परागत वस्तुको उत्पादन, संकलन तथा बजारीकरण सहयोग कार्यक्रम तीन वर्षमा सम्पन्न गर्ने गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| प्राथमिकता क्रम | योजनाको नाम | क्षेत्र | कुल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | गर्लाम अर्घा मैदान (कएना खोला) लिफ्ट खानेपानी आयोजना | सामाजिक क्षेत्र | २६८११८१९.८९ | आ.व. २०७६/७७ देखि क्रमागत |
| २ | विपन्न लक्षित समुदाय र साना कृषकहरुको आयअर्जनको लागि कृषि तथा पशुजन्य वस्तु र स्थानीय परम्परागत वस्तुको उत्पादन, संकलन तथा बजारीकरण सहयोग कार्यक्रम | समावेशीकरण तथा मूल प्रवाहीकरण | ४९९९८०००.०० | आ.व. २०७७/७८ देखि क्रमागत |
| ३ | विपन्न दलित तथा जनजाती समुदायको खर तथा ढुङ्गाको छाना विस्थापित गरी जस्तापाताले छाउने कार्यक्रम | समावेशीकरण तथा मूल प्रवाहीकरण | ४२१७१११.४७ | |

**निर्णय नं. ४**

विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७६ बमोजिम यस सन्धिखर्क नगरपालिकाको आ.व.२०७७/०७८ को लागि सार्वजनिक नियमावली २०६४ (संशोधन सहित) को नियम १४ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको क्षेत्राधिकार भन्दा माथिको देहायका योजनाहरुको देहाय बमोजिमको लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | क्षेत्र | कुल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | चुत्रावेसी-कुर-लात्तेबाँझ ग्रामिण सडक आयोजना | पूर्वाधार | १८९९७५९२.५० | |
| २ | चुत्रावेसी-भक्तीटोला-धरम्पानी -अर्घामैदान ग्रामिण सडक आयोजना | पूर्वाधार | ९९३५८०४२.७८ | |

**निर्णय न. ५**

शिक्षा युवा तथा खेलकुद शाखाको रु. ७० लाखको पारित बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत क्र. स. ११ मा रहेको शिक्षण अनुदान शिर्षक मा विनियोजित रकम रु. ९ लाख अनुदान उपलब्ध गराउने प्रयोजनको लागि बिद्यालय छनोट गर्ने बिषयमा छलफल गर्दा शिक्षक बिद्यार्थी अनुपात हेरी ग्याप रहेका बिद्यालयलाई छनोट गर्ने र शिर्षक न. ३१ मा रहेको अंग्रेजी माध्यमबाट पढाइने विद्यालयलाई प्रोत्साहन शिर्षकमा बिनियोजित रकम रु. १ लाख प्रोत्साहन स्वरुप उपलब्ध गराउदा समेत शिक्षक बिद्यार्थी अनुपात तथा नतिजालाई हेरेर छनोट गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

**निर्णय न. ६**

नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय सरसफाई गुरुयोजना बमोजिम नगरस्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समिती ( MWASHCC ) को गठन गर्ने र सम्पूर्ण वडाहरुमा वडास्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिती ( WASHCC ) गठन गरी पेश गर्न लगाउने एवं यस सन्धिखर्क नगरपालीकाको वास प्लान तयार गर्ने कार्यलाई मूर्तरुप दिन सबै वडाहरुमा वडा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितीलाई क्रियासील बनाउने निर्णय गरियो ।

**निर्णय न. ७**

नगरपालीका गठन हुनुपूर्व बनेका घर तथा संरचना एवं प्रचलीत कानुन बमोजिम घर तथा संरचनाको नक्सा पासको नियमित प्रकियामा आउन नसकी निर्माण भएका घर तथा संरचनाहरुलाई नक्सा पासको नियमित प्रकृयामा ल्याई अभिलेखिकरण गर्नको लागी राजश्व परामर्स समितीको सिफारिस सहित पेश हुन आएका देहायका संशोधन दररेट स्विकृतीको लागी नगरसभामा पेश गर्ने निर्णय गरियो ;

| अनुसूची १२ को सेवा शुल्क शिर्षकमा थप | | | |
|---|---|---|---|
| सि.नं | विवरण | सेवाशुल्क | थपगर्नुपर्ने कारण |
| ६१ | ग्रेड सिट सच्याउने वा प्रतिलिपी दिने । ( अपाङ्गता भएका व्यक्तिको हकमा लागु नहुने ) | २०० | सम्वन्धित व्यक्तिले आफ्नो विवरण सहि ढगबाट अभिलेखिकृत एव व्यवस्थित गरी राख्ने उद्देश्यअनुसार थप गरिएको । |

| सावि‍कको व्यवस्था | | | | संशोधित व्यवस्था (क) मा | | | संशोधन गर्नुपर्नेकारण |
|---|---|---|---|---|---|---|---|
| ववरण अनुसूची १३ ( क) आर.सि.सि भएका भवनमा आर.सि.सि भएका भवनमा | पक्की आर सि.सि नक्सापास शुल्क प्रति वर्ग फिटको दरले | कच्ची नक्सा पास शुल्क प्रति वर्ग फिटको दरले | | पक्की आर सि.सि नक्सापास शुल्क प्रति वर्ग फिटको दरले | कच्ची नक्सा पास शुल्क प्रति वर्ग फिटको दले | | हाल नयाँ निर्माण हुने घरको सन्दर्भमा साविकै बमोजिमको दररेट कायम हुने र अन्य पुराना नक्सापास नगरी बनाएका संरचनाहरुको हकमा नक्सा अध्यावधिक गरि अभिलेख व्यवस्थित हुने देखिएकोले । |
| आर.सि.सि भएका भवनमा | | बजार क्षेत्र | ग्रामिण क्षेत्र | | बजार क्षेत्र | ग्रामिण क्षेत्र | |
| १००० वर्ग फिट भन्दा थोरै | ७०० | ३०० | ९०० | ३०० | ९०० | ९०० | |
| १००० वर्ग फिट भन्दा बढी | ७९०० | ३०० | ९०० | ४०० | ९०० | ९०० | |



Scanned with CamScanner

ख) आर.सि.सि बाहेकका भवनमा

| साविकको व्यवस्था | | | संशोधित व्यवस्था (ख) मा | संशोधन गनुपर्नेकारण |
|---|---|---|---|---|
| सि.नं | अनुसूची १३ ( ख) आर.सि.सि बाहेकका भवनमा | दस्तुर | | नगर क्षेत्र भित्र रहेका सम्पूर्ण घरहरु अभिलेखिकृत हुने हुँदा |
| १ | ईटा , ढुंगा ब्लक सिमेन्टको गाह्रो टिन टाइल छाना प्रति वर्गफिट | २.०० | १ | |
| २ | ईटाको , ढुंगाको माटोको जोडाई टिन , प्रति वर्गफिट | २.०० | १ | |

साविकको व्यवस्था अनुसूची १८मा सि.नं १० पछि ११ मा थप

**निर्णय न. ८**

यस आर्थिक बर्षको लागि बार्षिक बजेट तथा कार्यक्रमबाट सहकारी नियमन तथा प्रबर्धन शिर्षकमा बिनियोजित रकम रु. ७ लाख लाई देहायबमोजिम बाडफांड गर्ने निर्णय गरियो;

| क्र. स. | शिर्षक | रकम रु. |
|---|---|---|
| १ | सन्धिखर्क नगरपालीकाका सबै सहकारीहरुलाई व्यवस्थामन सम्बन्धि पुर्नताजकी तालीम | १,५०,००० |
| २ | स. न. पा. भित्र रहेका सहकारीहरुको अनुगमन तथा प्रतिवेदन | ५०,००० |
| ३ | नयाँ सहकारी दर्ता गर्नेहरुको लागी पूर्व सहकारी तालीम | ५०,००० |
| ४ | व्यवसायिक रुपमा दुध बिक्री वितरण गर्ने दुध उत्पादक कृषकहरुलाई प्रोत्सहन स्वरुप प्रति लिटर बार्षिक बिक्री अनुपातमा आधारीत अनुदान | ४,५०,००० |

**निर्णय न. ९**

सन्धिखर्क नगरपालीकाको खानेपानी तथा सरसफाई स्वच्छता योजना (WASH Plan) तयार गर्ने कार्यको लागी छनौट भएका गणकहरुलाई घरधुरी सर्भेक्षण गरि प्राथमीक तथ्याङ्क उपलब्ध गराए बापत प्रति घरधुरी रु. ५० (पचास) का दरले घरधुरी सर्भेक्षण बापतको रकम उपलब्ध गराउने निर्णय गरियो । साथै वासपलानको लागि विनियोजित रकम रु.८,५०,०००।– बाट गणकहरुको पारिश्रमिक, संचार, गणक छनौट गर्दा लाग्ने खर्च, गणकहरुलाई तालिम, अनुगमन लगायतको शिर्षकमा प्रस्ताव बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न. १०**

आर्थिक बर्ष २०७६।७७ का लागी पाँचौ नगरसभाबाट पारित भएको योजना तथा कार्यक्रमहरु तर्फ मध्ये केहि योजनाहरु (नगर तथा वडा स्तरीय ) मध्ये वडा स्तरीय योजना हरुको हकमा सम्बन्धित वडा समितीबाट संशोधनको लागी सिफारिश साथ निर्णय गरी पठाएका योजना तथा कार्यक्रमहरु समेत समावेश गरि बिनियोजन ऐन २०७६ को परिधि भित्र रहि देहाय बमोजिम संशोधन स्विकृतीको लागी नगरसभामा पेश गर्ने निर्णय गरियो



Scanned with CamScanner

क) नगर स्तरीय योजनाहरू

| क.स. | साविकको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन भै कायम भएको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन गर्नुपर्ने कारण | संशोधन पछि कायम भएको रकम | श्रोत |
|---|---|---|---|---|---|
| १. | कार्यक्रममा नभएको | वडा न. १२ र २ को स्वास्थ्य चौकी भवन निर्माण | स्वास्थ्य चौकी निर्माणको लागी गत आ.व.मा रकम निकासा भएको र संझौता बमोजिम भुक्तानी गर्नुपर्ने भएकोले | ३५,००,०००/- | म्याचिङ |
| २. | कार्यक्रममा नभएको | सन्धिखर्क अस्पतालको भवन निर्माण गुरुयोजना तथा **DPR** तयारी | राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण बाट MP/DPR तयार गरी पेश गरेमा बजेट बिनियोजन गर्ने भएकोले | १४,००,०००/- | अनुसन्धान तथा डिपिआर |
| ३. | कार्यक्रममा नभएको | खानेपानी तथा सरसफाई स्वच्छता योजना WASH Plan तयारी गर्ने कार्य | प्रदेश सरकार संग WASH Plan तयार गर्ने संझौता भएकोले | ६,००,०००/- | अनुसन्धान तथा डिपिआर |
| ४. | कार्यक्रममा नभएको | विपत पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण | जिल्ला विपत व्यवस्थापन समिति को निर्णय बमोजिम २०७६ चैत भित्र जिल्ला भित्रका सम्पूर्ण पालिकाले विपत पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुपर्ने भएकोले | ५,००,०००/- | अनुसन्धान तथा डिपिआर |
| ५. | कार्यक्रममा नभएको | अर्घाधोलासी पर्यटन पदमार्ग गुरु योजना | पर्यटन मन्त्रालयको पदमार्ग निर्माणको लागि कार्यक्रम प्राप्त भएको र गुरुयोजना बनाएर मात्रै खर्च गर्नु पर्ने भएकोले | ५,००,०००/- | अनुसन्धान तथा डिपिआर |
| ६. | अर्घा भगवती मन्दिर सिढी निर्माण | अर्घा भगवती मन्दिर र मयुराको DPR तयार गर्ने कार्य | DPR तयार गरी पेश गरेमा राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण बाट पुननिर्माणको लागी बजेट बजेट बिनियोजन गर्ने भएकोले | ८,००,०००/- | अर्घा भगवती मन्दिर सिढी निर्माण ७ लाख र अन्यबाट १ लाख |
| ७. | पाणिनी क्याम्पस भवन निर्माण | पाणिनी क्याम्पस भवन निर्माणको MP तथा DPR तयारी | हाल विनियोजित रकमले भवन निर्माण गर्ने रकम नपुग्ने साथै MP/DPR बिना ठुलो संरचना बनाउन नमिल्ने भएको हुदा सोको लागी राष्ट्रिय पुननिर्माण प्राधिकरणमा MP/DPR पेश गर्नुपर्ने भएकोले । | ५,००,०००/- | पाणिनी क्याम्पस भवन निर्माण |
| ८. | सिटी म्युटावरको गेट तथा कम्पाउण्डवाल तथा अन्य व्यवस्थापन | सिटी म्युटावरको गेट तथा कम्पाउण्डवाल तथा अन्य व्यवस्थापन | क्रमागत योजनाको रकम भुक्तानी गर्दा नपुग भएकोले | ३०,००,०००/- | सिटी म्युटावरको गेट तथा कम्पाउण्डवाल तथा अन्य व्यवस्थापन |



Scanned with CamScanner

| क.स. | साविकको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन भै कायम भएको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन गर्नुपर्ने कारण | संशोधन पछि कायम भएको रकम | श्रोत |
|---|---|---|---|---|---|
| | | | | | २५ लाख र म्याचिङ फण्ड ५ लाख |
| ९. | रतहले तल्लोपुलदेखि उपल्लो पुल भेंडीखोला मो.वा. स.न.पा.१ | रतहले तल्लोपुलदेखि उपल्लो पुल भेंडीखोला सरक्षण स.न.पा.१ | | २००००० | रतहले तल्लोपुलदेखि उपल्लो पुल भेंडीखोला मो.वा. स.न.पा.१ |

## ख) वडा स्तरीय योजनाहरू

| क.स. | साविकको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन भै कायम भएको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन गर्नुपर्ने कारण | संशोधन पछि कायम भएको रकम | श्रोत |
|---|---|---|---|---|---|
| १. | निःशुल्क योग विज्ञान शिविर संचालन वडा नं. १ | योग हल भ्यालढोका बत्ती व्यवस्थापन तथा मर्मत वडा नं. १ | | १०००००.०० | निःशुल्क योग विज्ञान शिविर संचालन वडा नं. १ |
| २. | पाणिनी चोक आशा घिमिरे, तारा सुनारको घरसम्म बाटो ग्राभेल वडा नं. १ | पशुपति सुनारको घर अगाडिदेखि केशव भुसालको घरसम्म बाटो ढलाई वडा नं. १ | | १०००००.०० | पाणिनी चोक आशा घिमिरे, तारा सुनारको घरसम्म बाटो ग्राभेल वडा नं. १ |
| ३. | लदाम खानेपानी लाइन विस्तार वडा नं. १ | लदाम खानेपानी टंकी मर्मत वडा नं. १ | | ७५०००.०० | लदाम खानेपानी लाइन विस्तार वडा नं. १ |
| ४. | सखेटारी माथि दलित वस्तीमा सरसफाइ कार्यक्रम वडा नं. २ | सखेटारी माथि दलित वस्तीमा सिढी निर्माण वडा नं. | | १०००००.०० | सखेटारी माथि दलित वस्तीमा सरसफाइ कार्यक्रम वडा नं. २ |
| ५. | भगवती मा.वि. कक्षा कोठा बुक कर्नर निर्माण वडा नं. २ | भगवती मा.वि. वाउन्ड्री वाल निर्माण वडा नं.२ | | १६५०००.०० | भगवती मा.वि. कक्षा कोठा बुक कर्नर निर्माण वडा नं. २ |
| ६. | चुदालीखर्क खानेपानी टंकी निर्माण वडानं. ३ | रिपाहा खोलादेखि स्यानडाडा लिफ्ट खानेपानी योजना | | १०००००.०० | चुदालीखर्क खानेपानी टंकी निर्माण वडानं. ३ |
| | | जैसी टोला लिफ्ट खानेपानी योजना | | १०००००.०० | |
| ७. | आधारभुत स्वास्थ्य केन्द्रको पूर्वाधार | स्वास्थ्य शिविर सचालन वडा नं. ३ | | १०००००.०० | आधारभुत स्वास्थ्य |

Scanned with CamScanner

| क.स. | साविकको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन भै कायम भएको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन गर्नुपर्ने कारण | संशोधन पछि कायम भएको रकम | श्रोत |
|---|---|---|---|---|---|
| | निर्माण खर्च तथा भवन निर्माण म्याचिङ फण्ड वडा नं. ३ | आधारभूत स्वास्थ्य केन्द्रको पूर्वाधार निर्माण खर्च तथा भवन निर्माण म्याचिङ फण्ड वडा नं ३ | | ३५००००.०० | केन्द्रको पूर्वाधार निर्माण खर्च तथा भवन निर्माण म्याचिङ फण्ड वडा नं. ३ |
| ८. | वडा कार्यालय भवनको जग्गा खरिद वडा नं. ३ | नगर स्वास्थ्य तथा वडा कार्यालय पूर्वाधार व्यवस्थापन वडा नं. ३ | | ४०००००.०० | वडा कार्यालय भवनको जग्गा खरिद वडा नं. ३ |
| ९. | कोट भगतवी मन्दिर भण्डारीपोखरा शिव मन्दिर वस्नेतटोल मन्दिर भूमिकास्थान मन्दिर मर्मत वडा नं.४ | भण्डारीपोखरा शिव मन्दिर भूमिकास्थान मन्दिर सत्तल मर्मत-४ | | १०५०००.०० | कोट भगतवी मन्दिर भण्डारीपोखरा शिव मन्दिर वस्नेतटोल मन्दिर भूमिकास्थान मन्दिर मर्मत वडा नं.४ |
| | | वाङला स्वास्थ्य चौकी वर्थिङ सेन्टर व्यवस्थापन-४ | | ५००००.०० | |
| | | टुनिपोखरा गोरेटो बाटो निर्माण-४ | | ५००००.०० | |
| १०. | जीवनोद्धार मा.वि. कार्यालय कक्ष व्यवस्थापन योजना-४ | जीवनोद्धार मा.वि. मुल गेट र वाल निर्माण -४ | | १०००००.०० | जीवनोद्धार मा.वि. कार्यालय कक्ष व्यवस्थापन योजना-४ |
| ११. | अमलडाडा नेपाली टोल मोटरबाटो मर्मत संभार-४ | स.न.पा.-३ मोटरबाटो मर्मत संभार-४ | | ५००००.०० | अमलडाडा नेपाली टोल मोटरबाटो मर्मत संभार-४ |
| १२. | आदिव्यपुर छाप ठूलो पधेरो पोखरी स्तरउन्नती-४ | वंशेटारी लिफ्ट सिंचाई योजना मोटरबाटो निर्माण -४ | | १०००००.०० | आदिव्यपुर छाप ठूलो पधेरो पोखरी स्तरउन्नती-४ |
| १३. | समिका चौर पोखरी निर्माण -५ | मौलिपोखरामा रहेको पोखरीलाई नव निर्माण-५ | | २००००० | समिका चौर पोखरी निर्माण -५ |
| १४. | नुमा सुनारको घर छेउमा जाली तथा वाल-६ | दवासेटोला मो.वा.-६ | | ५००००.०० | नुमा सुनारको घर छेउमा जाली तथा वाल-६ |
| १५. | मलजेङ अधेरीखोला खा.पा. | भुवनडाडा दलितवस्ती खा.पा.-६ | | १०००००.०० | मलजेङ अधेरीखोला खा.पा. |
| १६. | तिरतिरे खा.पा. मर्मत-६ | भुवनडाडा दलितवस्ती खा.पा.-६ | | १०००००.०० | तिरतिरे खा.पा. मर्मत-६ |
| १७. | गाउघर क्लिनिक भवन निर्माण वहखोर-६ | श्री विधा विनय आ.वि. फिल्ड निर्माण-६ | | १०००००.०० | गाउघर क्लिनिक भवन निर्माण वहखोर-६ |



Scanned with CamScanner

| क्र. स. | साविकको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन मै कायम भएको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन गर्नुपर्ने कारण | संशोधन पछि कायम भएको रकम | श्रोत |
|---|---|---|---|---|---|
| १८. | जनचेतना आधारभूत विद्यालय गुणस्तरीय शिक्षा वृद्धि वडा नं.-७ | जनजीवन आधारभूत विद्यालयमा शैक्षिक सामाग्री तथा वातावरण विषयलाई खाजा खर्च वडा नं.-७ | | ५0000.00 | जनचेतना आधारभूत विद्यालय गुणस्तरीय शिक्षा वृद्धि वडा नं.-७ |
| १९. | जनता आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) | जनता आधारभुत बिद्यालयको शैक्षिक अनुदान | | १,00,000 | जनता आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) |
| २०. | जनशान्ति आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) | जनशान्ति आधारभुत बिद्यालयको शैक्षिक अनुदान | | १,00,000 | जनशान्ति आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) |
| २१. | गैतम आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) | गैतम आधारभुत बिद्यालयको शैक्षिक अनुदान | | १,00,000 | गैतम आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) |
| २२. | जिवनज्योती आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) | जिवनज्योती आधारभुत बिद्यालयको शैक्षिक अनुदान | | १,00,000 | जिवनज्योती आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) |
| २३. | जनविकास आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) | जनविकास आधारभुत बिद्यालयको शैक्षिक अनुदान | | १,00,000 | जनविकास आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) |
| २४. | नवज्योति आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) | नवज्योति आधारभुत बिद्यालयको शैक्षिक अनुदान | | १,00,000 | नवज्योति आधारभुत बिद्यालयको शैक्षिक व्यवस्थापन (वाड ८) |
| २५. | कि. ला. रा बालविकास केन्द्र-८ | कि. ला. रा बालविकास केन्दलाई शैक्षिक अनुदान-८ | | २५000.00 | कि. ला. रा बालविकास केन्द्र-८ |

Scanned with CamScanner

| क. स. | साविकको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन भै कायम भएको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन गर्नुपर्ने कारण | संशोधन पछि कायम भएको रकम | श्रोत |
|---|---|---|---|---|---|
| २६. | अन्नपूर्ण बालविकास केन्द्र-८ | अन्नपूर्ण बालविकास केन्द्रलाई शैक्षिक अनुदान | | २५०००.०० | अन्नपूर्ण बालविकास केन्द्र-८ |
| २७. | बोकेका गैरा गोठका घरमुनन्नी गोरेटोबाटो | बोकेका गैरा गोरेटो बाटो-८ | | ५००००.०० | बोकेका गैरा गोठका घरमुनन्नी गोरेटोबाटो |
| | | खाल भर्लारुख पधेरो निर्माण-८ | | ५००००.०० | |
| २८. | किमडाँडा स्वास्थ्य चौकी व्यवस्थापन तथा स्वयमसेविका क्षमता अभिबृद्धि -८ | किमडाडा स्वाथ्य चौकी अनुदान-८ | | ५००००.०० | किमडाँडा स्वास्थ्य चौकी व्यवस्थापन तथा स्वयमसेविका क्षमता अभिबृद्दि -८ |
| | | स.न.पा.८ का महिला स्वास्थ्य स्वयम सेविकाको क्षमतावृद्धि तालिम-८ | | ५००००.०० | |
| २९. | कैनकापाटा रानिपधेरा खानेपानी मर्मत सुधार-८ | कैनाका पाटा मङग्राहा पाडेटोला खा.पा.योजना | | १०००००.०० | कैनकापाटा रानिपधेरा खानेपानी मर्मत सुधार-८ |
| ३०. | आँटी कुंवरटोला र सरहनेटा मो. बा. अधुरो -८ | आँटी कुवरटोला गोरेटो बाटो निर्माण-८ | | ५००००.०० | आँटी कुंवरटोला र सरहनेटा मो. बा. अधुरो -८ |
| | | सहरनेटा मो.बा. अधुरो-८ | | ५००००.०० | |
| ३१. | मुख्खेका चौर तिनपिप्ले संकलन केन्द्र अधुरो -८ | मुख्खेचौर संकलन केन्द्र | | ५००००.०० | मुख्खेका चौर तिनपिप्ले संकलन केन्द्र अधुरो -८ |
| | | तिनपिप्ले संकलन केन्द्र अधुरो | | ५००००.०० | |
| ३२. | समग्र स.न.पा.९ भित्र खानेपानी मर्मत संभार | गर्लाम दरवार लिफ्ट खा.पा.को लागि ट्याक तथा मोटर घर निमाणको लागि जग्गा व्यवस्थाप | योजनामा रकम नभएकोले मर्मत बाट विनियोजन गरिएको | ५००००.०० | समग्र स.न.पा.९ भित्र खानेपानी मर्मत संभार |
| | | भिरकटेरी सिंचाई पोखरी निर्माण | | ५००००.०० | |
| | | विभिन्न खा.पा.मर्मतको लागि पाइप खरिद | | ५००००.०० | |
| ३३. | नौलापानी खानेपानी प्रभावितलाई पाइप वितरण -९ | नौलापानी सिंचाईको लागि टंकी निर्माण -९ | | १५००००.०० | नौलापानी खानेपानी प्रभावितलाई पाइप वितरण -९ |
| ३४. | हाड बजार व्यवस्थापन स.न.पा.९ | स्वास्थ्य चौकी व्यवस्थापन -९ | | २०००००.०० | हाड बजार व्यवस्थापन स.न.पा.९ |
| ३५. | बेल्टारीजाने बाटोको मुखमा नाली निर्माण-१० | आर्दश आ.वि. माथिको मोडमा तारजाली | | ११००००.०० | बेल्टारीजाने बाटोको मुखमा नाली निर्माण |

Scanned with CamScanner

| क्र.स. | साविकको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन भै कायम भएको योजना/कार्यक्रम वडा स्तरिय/नगर स्तरिय | संशोधन गर्नुपर्ने कारण | संशोधन पछि कायम भएको रकम | श्रोत |
|---|---|---|---|---|---|
| ३६. | श्री आदर्श आ.वि. तारवार-१० | | | | श्री आदर्श आ.वि तारवार |
| ३७. | गतहे खा.पा.योजना र पधेरा खोला पधेरो निर्माण-११ | गहते खा.पा. | | २०००००.०० | गतहे खा.पा.योजना र पधेरा खोला पधेरो निर्माण-११ |
| | | पधेरा खोला पधेरो निर्माण | | १०००००.०० | |
| ३८. | अमिलेलफ्ट खा.पा.योजना -११ | कमेरेपानी योजना टकी निर्माण तथा पाइप खरिद, राजुपानी योजनाको नयाँ टकी, पाइप खरिद, गुफे खोलादेखि सुन्तली परियारको घरसम्म पाइप खरिद, हाडफोर्ने टकी मर्मत तथा तारवार र उपल्लो खन्नमा सानो टकी निर्माण | | १३०००००.०० | अमिलेलफ्ट खा.पा.योजना -११ |
| ३९. | ठूलापोखरा अधुरो पाइप खरिद रु.५०,०००।- र बन्जाडे टोला मगर टोलाहुँदै सिरानासम्म ठाडो बाटो निर्माण रु.१,००,०००।- | ठूलापोखरा अधुरो पाइप खरिद | | ५००००.०० | ठूलापोखरा अधुरो पाइप खरिद रु.५०,०००।- र बन्जाडे टोला मगर टोलाहुँदै सिरानासम्म ठाडो बाटो निर्माण रु.१,००,०००।- |
| | | बन्जाडेटोला मगर टोला हुँदै सिरानासम्म ठाडो बाटो निर्माण | | १०००००.०० | |
| ४०. | सगम प्रा.वि. देखि भैरीथला कोलसम्मको ठाडोबाटो निर्माण ५०,०००।- र सोता खोला गाइनटारी रु.५०,०००।- | धाराकिलोघरदेखि खन जाने मो.वा. सम्म सिडि निर्माण | | ५००००.०० | सगम प्रा.वि. देखि भैरीथला कोलसम्मको ठाडोबाटो निर्माण ५०,०००।- र सोता खोला गाइनटारी रु.५०,०००।- |
| | | सोता खाला गाइनटारी सिचाई योजना | | ५००००.०० | |
| ४१. | देउराली मन्दिर १ र१२ को सिमाना १,००,०००।- (वडा नं. १२) | युवा ड्राइभिङ तालिम | | १५००००.०० | देउराली मन्दिर १ र१२ को सिमाना टाकुरा तालेधाररातामाटा मो.वा. |
| | टाकुरा तालेधाररातामाटा मो.वा. ५०,०००।- (वडा नं. १२) | | | | |
| ४२. | नेवारी समुदाय भेषभुषा सरक्षण (वडा नं. १२) | वडा स्तरीय योजना अनुमगन | | ५००००.०० | नेवारी समुदाय भेषभुषा सरक्षण |
| ४३. | ठूलापोखरा पोखरी निर्माण (वडा नं. १२) | छाप ठूलापखोरा दृष्ट ममत | | ५००००.०० | ठूलापोखरा पोखरी निर्माण |



Scanned with CamScanner

ख) चालु तर्फ

| खर्च शिर्षक | विनियोजित रकम | संशोधन गरि कायम हुने रकम | थप/घर रकमको श्रोत | कारण |
|---|---|---|---|---|
| २११११ तलब | २,०५,००,०००.०० | २,४०,००,०००.०० | अन्य भत्ता शिर्षकको रकम थपिएको | तलब शिर्षकमा रकम नपुग भएकोले |
| २११३९ अन्य भत्त | ३५,००,०००.०० | ०.०० | तलब शिर्षकमा थप गरि ० (शुन्य) बनाइएको | |
| २८१४२ घर भाडा | ८०००००.०० | ९०००००.०० | भ्रमण खर्चको शिर्षकमा विनियोजित रकमबाट थप गरिएको | घरभाडा शिर्षकमा रकम नपुग भएकोले |
| २२६१२ भ्रमण खर्च | २५०००००.०० | २४०००००.०० | घर भाडाको शिर्षकमा थप गरिएको | |

**निर्णय न. ११**

यस नगरपालिका अन्तर्गत वडा नं. ६ स्थित पर्यटन प्रवर्द्धनको लागि वि.पि.पार्क, खेलकुद स्टेडियम, खाँचीकोट दरबार क्षेत्र, सहिद पार्क, पिक्निक स्पोर्ट, पोखरी निर्माण र पदमार्ग समेतको डिपिआर तयारको लागि नरपानी पर्यटन प्रवर्द्धन परिषदबाट स्वीकृतीको लागि अनुरोध भएकोमा डिपिआर तयारी गर्नको लागि सम्पूर्ण खर्च नरपानी पर्यटन प्रवर्द्धन परिषदले व्यहोर्ने गरी स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. १२**

कृषि तथा पशुपंन्छि विकास मन्त्रालयको कार्यक्रम अन्तर्गत साविकमा जिल्ला पशु सेवा कार्यालय मार्फत करार सम्झौता गरी एक गाउँ एक पशु प्राविधिकको रुपमा कार्यरत रहेका प्राविधिकहरुलाई विषयगत वित्तहस्तान्तरण अन्तर्गत यस नगरपालिकामा पठाइएकोमा कृषि तथा पशु पन्छि विकास मन्त्रालयको प.सं.२०७६/०७७ च.नं.२०१ र मिति २०७६।०९।१४ को बमोजिम २५ प्रतिशत सन्धिखर्क नगरपालिका र ७५ प्रतिशत कृषि तथा पशुपन्छि विकास मन्त्रालयको लागत साझेदारीमा एक गाउँ एक प्राविधिकलाई निरन्तरता दिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. १३**

विपन्न, असाहय, विपत पिडित व्यक्ति तथा तत्काल योजना तथा कार्यक्रमहरुमा आवश्यक परेको पूँजीगत सामाग्रीहरु नगर प्रमुख तथा नगर उपप्रमुखको आदेश अनुसार गत आ.व. तथा चालु आ.ब.का विभिन्नि मितिमा वितरण भएकोमा उक्त सामानहरुको रकम चालु वर्षमा विनियोजित पूँजीगत सामाग्री सहयोग शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।



Scanned with CamScanner

आज मिति २०७६।११।२७ गते सन्धिखर्क नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा वसी देहाय बमोजिमका निर्णय गरियो ;

| क.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क. | |
| ३. | सदस्य | श्री ~~लक्ष्मण पसज्जली~~ (का.वा) आशा परियार | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिला गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री ईश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मीनारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्वराज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क. | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी. | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क. | |
| २३. | सदस्य सचिव | श्री जीवन ज्ञवाली | |
| २४. | सदस्य | श्री आशा परियार (कोषांक) | |

**निर्णय नं. १**

सडक बोर्ड नेपालबाट स्विकृत सन्धिखर्क नगरपालिका वडा नं. १ र २ सडक मर्मत संभारको लागि सडक बोर्डबाट रु.३८,००,०००।- र नगरपालिकाबाट रु.१६,००,०००।- गरी म्याचिङमा गरी कुल रु.५४,००,०००।- बाट उक्त योजना स्वीकृत भई उक्त सडक मर्मत संभारको लागि मिति २०७६।१०।१४ मा बोलपत्र आव्हान गरि दर्ता भएका बोलपत्रहरु मूल्यांकन गर्दा सवै भन्दा घटि भ्याट सहित उल्लेखित कार्य गर्न रु.४०,१७,०६८।७२ (चालीस लाख सत्र हजार अठसठ्ठी ) खनाल ब्रदर्स कन्स्ट्रक्सनले मञ्जुर भएको हुँदा बोलपत्रबाट घटेको रकम सडक बोर्डको रु. ९,८८,२६०।- र नगरपालिकाको रु. ४,२३,५४०।- गरी जम्मा रकम रु.१४,११,८००।- (चौध लाख एघार हजार आठ सय) बचत रकम (म्याचिङ सहित) बाट दुरसंचार हटारी नेटाहुँदै भेटेनरी अस्पताल तथा पशु सेवा सम्पर्क केन्द्र जोड्ने सडक स्तरोन्नती (मर्मत संभार) गर्न सडक बोर्ड नेपाललाई स्विकृतीको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

यस सन्धिखर्क नगरपालिका (साविक अर्घा-५ विहार ) हाल सन्धिखर्क नगरपालिका वडा नं. १० रुव्दी गर्ता सामामुदायिक उपभोक्ता समितिको खिर्राबोट प्लटमा रहेको कि.नं. ८० को कुल क्षेत्रफल ३०१६३.४५७ वर्गमिटर जग्गा मध्ये आवश्यक जग्गा सो सामुदायिक वन उपभोक्ता समितिले दिने निर्णय समेत भएकोले उक्त स्थानमा औद्योगिक ग्रामको पूर्वाधार निर्माणको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिका अन्तर्गत वडा नं. १ गौतमबुद्ध मार्ग स्थित पदमीनि होटलदेखि ठाडो खोल्सीहुँदै पान्चायन मन्दिरसम्मजाने बाटोको बीचमा रहेको सार्वजनिक जग्गामा हाटबजार निर्माण गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो साथै सो हाटबजार निर्माणको लागि तयार भएको रु.९,२०,१६,४१५।- लागत अनुमान समेत स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

जिल्ला समन्वय समितिको कार्यालयमा मौज्दात रहेको रकमबाट कार्यविधि बमोजिम रकम बाडफाँड गर्दा यस नगरपालिकालाई रु.५०,००,०००।- (पचास लाख) उपलब्ध गराउने गरि निर्णय भएकोले उक्त रकमबाट सन्धिखर्क नगरपालिका वडा नं. ५ स्थित जीवनोद्धारा मा.वि.को भवन निर्माणको लागि योजना छनौट गर्ने र सोको लागि आवश्यक म्याचिङ रकम म्याचिङ शिर्षक तर्फ विनियोजन भएको रकमबाट व्यहोर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ५**

नरपानी पिकनिक स्पोर्ट र गाडी पार्किङ समेतको स्थानमा रिफ्रेश सेन्टर निर्माणको लागि मुख्य मन्त्रीको कार्यालय ५ नं. प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाको यातायात सेवा प्रवर्द्धन गर्नका लागि आन्तरिक रिङरोडको खाका तयार भैसकेकोले DPR तयार गरी संघिय मन्त्रालय तथा प्रदेश सरकारसँग आवश्यक रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिकाका ३ वटा वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने र मेलमिलाप केन्द्रका सदस्यहरुलाई क्षेमता अभिवृद्धि तालिम संचालनको लागि आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नगरपालिका अन्तरगंत आधारभूत कक्षाको परीक्षा संचालनको लागि बजेट अपुग भएकोले उक्त शिर्षकमा नपुग बजेट रु. ५०,०००।- एस.ई.ई.परीक्षा अनुगमन शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको निर्णय बमोजिम राजश्व अनुसन्धान कार्यालय पथलैया बाराबाट यस नगरपालिकामा एक थान गाडी प्राप्त हुने जानकारी प्राप्त भएकोले उक्त गाडि प्राप्त भएमा सो गाडीको राजश्व तथा मर्मतको लागि आवश्यक बजेट व्यवस्था गर्न चालु तर्फको उपयुक्त शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

चालु आ.व.२०७६।७७ मा खरिद भएका २२ वटा सोलार बत्तीहरु मध्ये प्रत्येक वडामा १/१ वटा र बांकी धार्मिक, बौद्धिक तथा पर्यटकीय स्थलमा दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

सिंचाई तर्फ विनियोजित रकम रु.१५ लाखबाट प्रत्येक वडाबाट रु. १ लाखका दरले र बाँकी आवश्यकता अनुसारका सिंचाई आयोजना छनोट गरी कार्यान्वयन गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिका भित्र रहेको शान्ति वगैचाको पोखरीमा मृत्यु भएका दुई बालिकाहरुको परिवारलाई आर्थिक सहायता स्वरुप रु. ४५/४५ हजार प्रति परिवार सहयोग गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

**निर्णय नं. १३**

यस नगरपालिका अन्तर्गतका देहायका विद्यालयहरुले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि देहाय कै परियोजनाहरुको प्रस्ताव तयार गरेकाले ती परियोजनाहरुको स्वीकृतीका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | परियोजनाको नाम | अनुमानित लागत |
|---|---|---|---|
| १. | श्री भगवती माध्यमिक विद्यालय, स.न.पा.-२, शंखेटारी | विज्ञान सामग्री खरिद, वाचनालय स्थपाना र कक्षा कोठा मर्मत तथा रंगरोगन | २५ लाख |
| २. | श्री ज्ञानप्रकाश माध्यमिक विद्यालय, स.न.पा.-१२ सल्लीकोट | पुस्तकालय स्थापना | २५ लाख |
| ३. | श्री अधारजस्थल माध्यमिक विद्यालय, स.न.पा.-९ रहिसचौर | खेल मैदान निर्माण वा इनटरनेट र स्मार्ट बोर्ड व्यवस्थापन वा हरित विद्यालय वातावरण सुधार एवं रंगरोगन | २५ लाख |
| ४. | श्री चन्द्रप्रभा माध्यमिक विद्यालय, स.न.पा.-७, डिहिडाडा | कम्प्यूटर तथा सूचना प्रविधि प्रयोगशाला स्थापना | २५ लाख |
| ५. | श्री आदर्श माध्यमिक विद्यालय, स.न.पा.-७ खाँचीकोट | खेल मैदान निर्माण वा हरित विद्यालय वातावरण सुधार एवं रंगरोगन वा इनटरनेट र स्मार्ट बोर्ड व्यवस्थापन | २५ लाख |
| ६. | श्री जनताकृष्ण माध्यमिक विद्यालय, स.न.पा.-८ पकले | खेल मैदान निर्माण | २५ लाख |
| ७. | श्री विजय माध्यमिक विद्यालय, स.न.पा.-११, डिभर्ना | हरित विद्यालय वातावरण सुधार एव रंगरोग | २५ लाख |
| ८. | श्री जनशान्ति आधारभूत विद्यालय स.न.पा.-८, कोलाहार | इन्टरनेट सेवा विस्ता, स्मार्ट बोर्ड व्यवस्थापन, भवन मर्मत र कक्षा कोठा निर्माण तथा हरित विद्यालय वातावरण सुधार एवं रंगरोग | २५ लाख |
| ९. | श्री आदर्श आधारभूत विद्यालय स.न.पा.-१० धरम्पानी | खानेपानी तथा सरसफाइ सुविधा सहितको शौचालय निर्माण | २५ लाख |

**निर्णय नं. १४**

यस सन्धिखर्क नगरपालिका वडा नं. ८ को श्री जनता कृष्ण माध्यमिक विद्यालयको नमूना विद्यालय विकास गूरु योजना अनुसारको आ.व.२०७६/०७७ को शैक्षिक तथा व्यावस्थापकीय पक्षको रु.३७,५०,०००।– (सैतिस लाख पचास हजार ) कार्यक्रम स्विकृत गरि उक्त रकम शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य केन्द्रहरुमा दरबन्दी रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा विज्ञापन गरी शशर्तबाट प्राप्त बजेटबाट तलब भत्ता भुक्तानी हुनेगरी सेवा करारमा कर्मचारीहरु पदपूर्ति गर्ने निर्णय गरियो । यसरी करार सेवाका कर्मचारी छनौट गर्दा संक्षिप्त सूची (short list) का

Scanned with CamScanner

आधार बमोजिम संक्षिप्त सूची प्रकाशित गरी छनौटमा परेका बीच अन्तरवार्ता गराई छनौट गर्ने निर्णय गरियो ।

१) अ.हे.व. ५ जना (वडा नं.२,३,५,१० र १२)

२) अ.न.मि. ७ जना (वडा नं. २, ३, ४,५,७,१० र १२)

३) का.स.५ जना (वडा नं.२,३,५,१० र १२)

**निर्णय नं. १६**

तत्कालिन जिल्ला विकास समिति अर्घाखाँचीको मौज्दात रहेको जि.स.स. कोषको रकमबाट विनियोजन हुने समपुरक रकमको लागि यस नगरपालिका भित्रको स.न.पा ५ स्थित श्री जीवनोद्धार मा.वि को संसदीय क्षेत्र विकास कोषको रकमबाट निर्माण कार्य सुरु भएको ९ कोठे ३ तले अधुरो भवन निर्माण कार्य पूरा गर्ने योजना छनौट गर्ने र सो योजनाका लागि यस नगरपालिकालाई प्राप्त शिक्षा तर्फको ससर्त अनुदानको ***विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान*** शीर्षकबाट २ कोठे भवन निर्माण बापतको रकम रु १६ लाख पुरक रकमको रुपमा जीवनोद्धार मा.वि लाई अनुदान निकासा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

शिक्षा युवा तथा खेलकुद शाखाका योजना र कार्यक्रमहरुको लागि चौथो नगर सभाबाट विनियोजन भएको रकम रु ७० लाखलाई सन्धिखर्क नगर कार्यपालिकाको मिति २०७६/०७/०३ को बैठकबाट विभिन्न शीर्षकमा बाँडफाँड गरे अनुसार देहायका विद्यालयहरुलाई देहायको रकम निकासा गर्न सामाजिक विकास समितिको मिति २०७६/१०/०८ र मिति २०७६/११/२७ को बैठकले सिफारिस गरे मुताविक निकासा दिने निर्णय गरियो ।

**शीर्षक : अंग्रेजी माध्यमबाट पढाउने विद्यालयलाई प्रोत्साहन रु.१,००,०००।-**

| | |
|---|---|
| श्री जनज्योती माध्यमिक विद्यालय स.न.पा २ | रु २० हजार |
| श्री ज्ञान प्रकाश माध्यमिक विद्यालय स.न.पा १२ | रु २० हजार |
| श्री समाजकल्याण आधारभुत विद्यालय स.न.पा १ | रु १५ हजार |
| श्री जनता आधारभुत विद्यालय स.न.पा ८ | रु १५ हजार |
| श्री भृकुटी आधारभुत विद्यालय स.न.पा ६ | रु १५ हजार |
| श्री अरनिको आधारभुत विद्यालय स.न.पा १० | रु १५ हजार |

**शीर्षक : प्रत्येक वडाको १ नमूना लायक आधारभुत विद्यालयको लागि अनुदान रु.६,००,०००।-**

| | |
|---|---|
| श्री बाल आधारभुत विद्यालय स.न.पा १ | रु ५० हजार |
| श्री गंगा अधारभुत विद्यालय स.न.पा २ | रु ५० हजार |
| श्री बराहनेटा आधारभुत विद्यालय स.न.पा ३ | रु ५० हजार |
| श्री सरस्वती आधारभुत विद्यालय स.न.पा ४ | रु ५० हजार |
| श्री मथुरानन्दराम आधारभुत विद्यालय स.न.पा ५ | रु ५० हजार |
| श्री भृकुटी आधारभुत विद्यालय स.न.पा ६ | रु ५० हजार |



Scanned with CamScanner

| | |
|---|---|
| श्री मुक्ति आधारभुत विद्यालय स.न.पा ७ | रु ५० हजार |
| श्री जनता आधारभुत विद्यालय स.न.पा ८ | रु ५० हजार |
| श्री अर्घा भगवती आधारभुत विद्यालय स.न.पा ९ | रु ५० हजार |
| श्री अरनीको आधारभुत विद्यालय स.न.पा १० | रु ५० हजार |
| श्री विद्याप्रकाश आधारभुत विद्यालय स.न.पा ११ | रु ५० हजार |
| श्री मणि आधारभुत विद्यालय स.न.पा १२ | रु ५० हजार |

**शीर्षक : शिक्षण सहयोग अनुदान रु.९,००,०००।-**

| | |
|---|---|
| श्री ज्ञानप्रकाश माध्यमिक विद्यालय स.न.पा १२ | रु १ लाख ८० हजार |
| श्री अर्घारजस्थल माध्यमिक विद्यालय स.न.पा ९ | रु १ लाख ८० हजार |
| श्री जनज्योती माध्यमिक विद्यालय स.न.पा २ | रु १ लाख ८० हजार |
| श्री जीवनोद्धार माध्यमिक विद्यालय स.न.पा ५ | रु १ लाख ८० हजार |
| श्री जनता आधारभुत विद्यालय स.न.पा ८ | रु १ लाख ८० हजार |

**शीर्षक : विद्यालयको भौतिक निर्माण कार्यका लागि अनुदान रु.५,००,०००।-**

| | |
|---|---|
| श्री पडेरी आधारभुत विद्यालय स.न.पा ९ | रु १ लाख |
| श्री विद्याविनय आधारभुत विद्यालय स.न.पा ६ | रु १ लाख |
| श्री बराहनेटा आधारभुत विद्यालय स.न.पा ३ | रु १ लाख |
| श्री जनविकास आधारभुत विद्यालय स.न.पा ८ | रु १ लाख |
| श्री कन्याकुमारी आधारभुत विद्यालय स.न.पा ११ | रु १ लाख |

**निर्णय नं. १८**

यस नगरपालिका अन्तर्गत किमडाडा स्वास्थ्य चौकीमा कार्यरत मुमाराम भुसालको असामयिक निधन प्रति यस कार्यालयपालिकाबाट मृत आत्मको चिरन्ताशान्तिको कामना गर्दै शोक प्रस्ताव पारि गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६।१२।१८ गते सन्धिखर्क नगरकार्यपालिकाको वैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ;

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क. | |
| ३. | सदस्य | श्री ~~सुवराज वन्जाडे~~ लक्ष्मण पराजुली | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिला गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री ईश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मीनारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्बराज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क. | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी. | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क. | |
| २३. | सदस्य सचिव | श्री जीवन ज्ञवाली | |

Scanned with CamScanner

**निर्णय नं. १**

Covid-19 को संक्रमणकालीन अवस्थामा भारत तथा अन्य मुलुकबाट यस नगरपालिकामा आएका व्यक्तिहरुको Trace history सहित देश, नाका, साधन, बासोवास गरेको होटल घर पुगेको मिति तथा साधन समेतलाई खुलाई तथ्याङ्क संकलन गरी जिल्ला प्रशासन कार्यालय तथा प्रदेश मन्त्रालयमा पत्रचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

गृह मन्त्रालयको मिति २०७६/१२/१६ को पत्र बमोजिम दैनिक ज्यालादारी गरी जिवन गुजारा गर्ने मजदुरहरुको यथार्थ विवरण सम्बन्धित वडा मार्फत संकलन गरी परिवार संख्या अनुसारको तपसिल अनुसारको राहत प्याकेज तयार गरी यथासिघ्र वडा समिति मार्फत वितरण गर्ने निर्णय गरियो ।

तपसिल

| परिवार संख्या १-२ | परिमाण | परिवार संख्या ३-४ | परिमाण | परिवार संख्या ५ र भन्दा बढि | परिमाण |
|---|---|---|---|---|---|
| प्याकेज नं.१ | | प्याकेज नं.२ | | प्याकेज नं.३ | |
| चामल | १० | चामल | २० | चामल | ३० |
| दाल | १ | दाल | १.५ | दाल | २ |
| तोरीको तेल | १ | तोरीको तेल | १.५ | तोरीको तेल | २ |
| नुन (आयोडिन युक्त) | १ | नुन (आयोडिन युक्त) | १ | नुन (आयोडिन युक्त) | १ |

**निर्णय नं. ३**

राहत प्याकेज सामग्री खरिद प्रकृया तत्काल गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (१) (घ) ३ बमोजिम सोझै खरिद गर्ने र सो को लागि पालिका भित्रका खाद्य भण्डार/व्यापारीहरुबाट दररेट माग गरी सबै भन्दा न्यूनतम दरमा उपलब्ध गराउन सक्ने खाद्य भण्डार/व्यापारीबाट खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विभिन्न संघ संस्था तथा व्यक्तिहरुले आफूखुशी सामग्री वितरण गरी प्रतिप्रधात्मक रुपमा भिडभाड गरिरहेको अवस्थालाई नियन्त्रण गर्ने र सहयोग उपलब्ध गराउन चाहने सबै संघ संस्था तथा व्यक्तीहरुले नगरपालिकको अनुमति लिई सम्बन्धित वडा समिति मार्फत तयार गरी पेश गरेको विवरण सूची भित्र परेका मजदुरहरुलाई वितरण गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

लकडाउनलाई प्रभावकारी बनाउन सम्बन्धित वडाहरुले अन्य स्थानबाट आवत जावत गर्ने सम्बन्धमा आम जनसमुदायलाई सचेत बनाउने ।

**निर्णय नं. ६**

वडाहरुमा गठित कोरोना भाइरस (Covid-19) रोकथाम था नियन्त्रण समन्वय समितिलाई कृयाशिल बनाउने ।

Scanned with CamScanner

**निर्णय नं. ७**

सन्धिखर्क नगरपालिकाका १२ वटै वडामा रहेका स्वास्थ्य संस्थाहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

कोरोना रोग (Covid-19) नियन्त्रण गर्ने प्रयोजनको लागि कोरोना रोगथाम तथा नियन्त्रणका सन्दर्भमा क्वारेन्टाईन व्यवस्थापन, हेल्पडेक्स लगायत यसको रोकथामका लागि प्रत्यक्ष रुपमा गर्नु पर्ने कार्यका लागि दैविक प्रकोप व्यवस्थापन कोषबाट रु. २,५०,०००।- अनुदान रकम अर्घाखाँची अस्पतालमा रहेको अस्पताल विकास समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

नगरपालिका भित्रका घरधुरीहरुलाई आफ्नो घरमा बहालमा बस्ने मजदुरहरुको चैत्र महिनाको भाडा नलिने निर्देशन दिने र नगरपालिकाले ती घरधनीहरुको बहाल कर मिनाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

विश्व महामारी कोरोना भाइरस (Covid-19) रोकथाम तथा नियन्त्रणको लागि यस नगरपालिकाको दैविक प्रकोप व्यवस्थापन कोष खातामा ३५ लाख ट्रान्सफर गरी कोष खडा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमीबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि विद्यालयहरुबाट प्रस्ताव आव्हान गरिएकोमा सोही सूचना अनुसार यस नगरपालिकाका नौ वटा विद्यालयहरुले विभिन्न प्रस्ताव पेश गरे अनुसार नगरकार्यपालिकाको मिति २०७६/११/२७ को बैठकको निर्णयबाट पेश भएका विद्यालयहरुको प्रस्ताव राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा सिफारिस गरिएकोमा सो केन्द्रले प्रस्तावहरुको प्राथमिकता समेत तोकि पठाउन निर्देशन दिएकाले देहायका विद्यालयहरुका प्रस्तावहरुलाई देहाय बमोजिम प्राथमिकता तोकि शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पठाउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | विद्यालयको नाम | प्राथमिकता क्रम |
|---|---|---|
| १. | श्री भगवती माध्यमिक विद्यालय, स.न.पा.-२, शंखटारी | १ |
| २. | श्री ज्ञानप्रकाश माध्यमिक विद्यालय, स.न.पा.-१२ सल्लीकोट | २ |
| ३. | श्री अर्घाराजस्थल माध्यमिक विद्यालय, स.न.पा.-९ रहिसचौर | ३ |
| ४. | श्री चन्द्रप्रभा माध्यमिक विद्यालय, स.न.पा.-७, डिहिडाडा | ४ |
| ५. | श्री आदर्श माध्यमिक विद्यालय, स.न.पा.-७ खाँचीकोट | ५ |
| ६. | श्री जननाकृष्ण माध्यमिक विद्यालय, स.न.पा.-८ पकले | ६ |
| ७. | श्री विजय माध्यमिक विद्यालय, स.न.पा.-११, डिभर्ना | ७ |
| ८. | श्री जनशान्ति आधारभूत विद्यालय स.न.पा.-८, कोलाहार | ८ |
| ९. | श्री आदर्श आधारभूत विद्यालय स.न.पा.-१० धेरम्पानी | ९ |

Scanned with CamScanner

**निर्णय नं. १२**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.०७६/७७ च.नं.३०१ मिति २०७६/११/२८ को पत्र बमोजिम यस सन्धिखर्क नगरपालिका भित्र कोरोना नियन्त्रण, रोकथाम, उपारको व्यवस्था मिलाउन देहाय बमोजिमको समन्वय समिति गठन गर्ने निर्णय गरियो । साथै बुदा नं. (ख) ६ बमोजिम स्थानीय समाजसेवीहरुबाट देहायका व्यक्तिहरुलाई समितिको सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

१) नगर प्रमुख श्री कमल प्रसाद भुसाल - संयोजक
२) उप-प्रमुख श्री ठाकुर कुमार वि.क. - सह-संयोजक
३) वडा अध्यक्षहरु (१२ जना) - सदस्य
४) कार्यापालिका सदस्यहरु (सबै) - सदस्य
५) सम्पूर्ण स्वास्थ्य संस्थाका प्रमुखहरु - सदस्य
६) समाजसेवीहरु मध्येबाट मनोनित (५ जना) - सदस्य
७) रेडक्रस जिल्ला शाखाको अध्यक्ष - सदस्य
८) सन्धिखर्क न.पा.को स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**बुँदा नं. ६ अनुसार मनोनित सदस्यहरू**

१) श्री श्रीकृष्ण भुसाल सन्धिखर्क नगरपालिका वाड नं. १
२) श्री कमला भण्डारी भुसाल, सन्धिखर्क नगरपालिका-१
३) श्री विनोद आचार्य सन्धिखर्क नगरपालिका-४
४) श्री नेत्र भट्टराई सन्धिखर्क नगरपालिका-१
५) श्री गोविन्द वि.सी. सन्धिखर्क नगरपालिका-१

**निर्णय नं. १३**

विश्वव्यापी रुपमै फैलिइरहेको कोरोना रोगको रोकथाम, नियन्त्रण तथा राहत व्यवस्थापन गर्ने प्रयोजनार्थ यस पालिकाले खडा गरेको प्रकोप व्यवस्थापन कोषमा यस नगरपालिकाका र अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारी तथा शिक्षकहरुको नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम तलब कट्टा गरी जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगरपालिका भित्र दैनिक ज्यालादारीमा काम गरी जीवन गुजारा गर्ने मजदुरहरुलाई अत्यावश्यक खाद्यवस्तु उपलब्ध गराई राहत वितरण कार्यलाई मार्गदर्शन गर्न तयार गरिएको राहत वितरण कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

कोरोना रोग (COVID-19) रोकथाम नियन्त्रण तथा राहत व्यवस्थापनको लागि रकम खर्च गर्न सकिने गरी यस नगरपालिकाले तयार गरेको विपद व्यवस्थापन कोष संचालन कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७।०१।१० गते सन्धिखर्क नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ;

| क.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क. | |
| ३. | सदस्य | श्री ~~युवराज बञ्जाडे~~ लक्ष्मण पराजुली | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिला गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण ~~प्रसाद~~ बहादुर आचार्य | |
| ९. | सदस्य | श्री ~~प्रितम बहादुर थापा~~ [illegible] भुसाल | |
| १०. | सदस्य | श्री ईश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मीनारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्वराज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क. | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी. | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क. | |
| २३. | सदस्य सचिव | श्री जीवन ज्ञवाली | |

Scanned with CamScanner

**निर्णय नं. १**

सन्धिखर्क नगरपालीका क्षेत्र भित्र कोरोना रोकथाम,नियन्त्रण तथा राहतका लागी विभिन्न सहयोगदाता हरुले सहयोग गर्न चाहेमा नगरपालीका संग समन्वय गरी एकद्धार प्रणाली मार्फत गर्न सकिने र कोहि कसैले पनि आफुखुशी सरकारी नीति विपरित हुनेगरी नगर्न नगराउन अपील गर्ने र सरकारी नीति विपरित कोही कसैले त्यस्ता कार्य गरेको पाइएमा त्यसता उपर नियन्त्रण गर्ने र त्यस्ता व्यक्ति तथा संस्थाहरुको लगत तयार गरी सार्वजनिक समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

यस नगरपालिका वाट संझौता प्रकृया अगाडी वढी सकेका आयोजनाहरु सामाजिक दुरी कायम गरी निर्माण प्रकृया अगाडी वढाउने र संझौता नभइसकेका योजनाहरु वर्तमान संकट समाधान पश्चात मात्र प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कृषिजन्य बजार ब्यवस्थापन सम्बन्धमा सन्धिखर्क नगरपालीका भित्रका कृषकहरुको कृषिजन्य उत्पादन तरकारी, फलफुल र दुधको बिक्री वितरणको अवस्थालाई सहज बनाउन आवश्यक ब्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

जिल्ला समन्वय समितिवाट जिल्ला समन्वय समितिको कोषमा मौज्दात रहि यस नगरपालीकालाइ प्राप्त हुने रकममा शिक्षा तर्फ ससर्त अनुदान,विद्यालय भौतीक निर्माण शिर्षकको रकमलाई समपुरकको रुपमा समावेश गरी वहुवर्षिय योजनाको रुपमा जिवनोद्धार मा.वि. वाङ्लाको भवन निर्माण योजनाको कार्य वोलपत्रको माध्यमवाट अगाडी वढाउने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७।०२।०७ गते मन्थिबकं नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ;

| क.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार बि.क. | |
| ३. | सदस्य | श्री युवराज बन्जाडे | |
| ४. | सदस्य | श्री मोतिजङ रायमाझी | |
| ५. | सदस्य | श्री लिला गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री ईश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मीनारायण चुँदाली | |
| १३. | सदस्य | श्री ध्रुवराज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री भुजना बि.क. | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी. | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा बि.क. | |
| २३. | सदस्य सचिव | श्री जीवन ज्ञवाली | |

Scanned with CamScanner

२०७७।०२।०७ गतेको कार्यपालिका बैठक

**निर्णय नं. १**

चालु आर्थिक वर्ष २०७६/०७७ का लागि संघीय सरकार तथा प्रदेश सरकार (प्रदेश ५) बाट प्राप्त बजेट सिमा (सिलिङ) बमोजिम प्राप्त हुनुपर्ने राजश्व बाँडफाँड वापतको रकम मिति २०७७ साल जेठ ६ गतेसम्म सन्धिखर्क नगरपालिकाको स्थानीय सञ्चीतकोषमा प्राप्त भएको यथार्थ अवस्थालाई मध्यनजर गर्दा औषत ५०% भन्दा कम प्राप्त भएको देखिन्छ। २०७६ साल चैत्र ११ गते देखि देश निरन्तर बन्दाबन्दिको अस्थामा छ र यो तत्कालै हटने अवस्था नदेखिदा अपेक्षाकृत रुपामा शिलिङ बमोजिमको रकम प्राप्त हुने कुरामा ढुक्क हुने अवस्था देखिदैन र आन्तरिक राजश्व तर्फपनि लक्ष्य अनुसार राजश्व उठने अवस्था नभएको तपसिलको तालिकाले देखाउँछ। यस प्रतिकुल अवस्थामा स्वीकृत योजना र बजेटबाट चालु वर्षका योजना तथा कार्यक्रमहरु सञ्चालन हुन सक्ने अवस्था नदेखिएकोले श्रोतको सुनिश्चितता नभसम्मको लागि वडास्तरीय योजनाहरुको हकमा रु १५ लाखसम्मका योजना तथा कार्यक्रमहरु र नगर स्तरीय योजनाको हकमा हालसम्म सम्झौता भई कार्यान्वयनमा रहेका र भुक्तानीको दायित्व सृजना भएका योजना तथा कार्यक्रमहरु बाहेक बाँकी रहेका योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा नलगी हाललाई स्थगीत गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.स | बजेट श्रोत | शिलिङ बमोजिम प्रस्तावित रकम रु | हालसम्म प्राप्त रकम रु (०७७ बैशाख मसान्तसम्म) | अब प्राप्त हुन सक्ने अनुमानित रकम रु | जम्मा प्राप्त हुन सक्ने अनुमान रु | खुद न्यन हुन जाने रकम रु |
|---|---|---|---|---|---|---|
| १ | राजश्व बाँडफाँड (संघ) | ९९९००००० | ५२७५०००० | १०००००००० | ६२७५०००० | ३७१५०००० |
| २ | राजश्व बाँडफँड (प्रदेश) | २३०६९००० | ५००००० | १४०००००० | १४५००००० | ८५६९००० |
| ३ | आन्तरिक राजश्व | २५०००००० | १४१००००० | ९००००० | १५०००००० | १०००००००० |
|  | जम्मा | १४७९६९००० | ६७३५०००० | २४९००००० | ९२२५०००० | ५५७१९००० |

**निर्णय नं. २**

विश्वव्यापी महामारीको रुपमा देखिएको कोराना भाइरस (Vovid -19) को सम्भावित संक्रमणलाई नियन्त्रण गर्ने उद्देश्यले नेपाल सरकारले २०७६ साल चैत्र ११ देखि देशलाई पूर्ण रुपमा बन्दाबन्दि (Lockdown) गरेको छ। बन्दाबन्दि भन्दा तत्काल अगाडी र बन्दाबन्दीकै समयमा पनि भारत तथा तेस्रो मुलुकबाट नेपाली नागरिकहरु स्वदेश एवं आ-आफ्नो बासस्थानमा फर्किएका छन भने पछिल्ला दिनहरुमा विशेष गरी भारतबाट स्वदेश फर्किने नागरिकहरुको चाप अत्याधिक वृद्धि भएको छ। स्वदेश फर्किने नागरिकहरुको चाप बढे सँगै साविकमा सन्धिखर्क नगरपालिकाले वडा नं. १ र २ मा सञ्चालनमा ल्याएको ५० वेड क्षमताको क्वारेन्टाइनले धान्न नसक्ने अवस्था देखिएको र भारतबाट आएका नागरिकहरुलाई अनिवार्य क्वारेन्टाइनमा राख्नुपर्ने बाध्यता समेत रहेकाले त्यस्ता नागरिकहरु जुन वडाका हुन तिनिहरुलाई तत् तत् वडामै क्वारेन्टाइनमा राख्ने गरी सम्बन्धित वडा अध्यक्षको संयोजकत्व र व्यवस्थापनमा रहने गरी सम्भावना भएका सबै वडाहरुमा क्वारेन्टाइनको स्थापना, सञ्चालन र सो को आवस्यक व्यवस्थापन गर्ने, साथै यसरी क्वारेन्टाइन स्थापना गर्दा उपलब्ध भएसम्म सार्वजनिक सामुदायिक तथा सरकारी भवन, विद्यालय, क्याम्पस लगायका भौतिक संरचनाहरुको प्रयोग गर्ने, सम्भव भएसम्म क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुलाई आवश्यक वेड विस्तारा, खाना पकाउने र खाने भाँडाकुँडा आ-आफ्नै घर तथा समुदायवाट जुटाउने, स्थानीय स्तरमा उपलब्ध नहुने र बजारबाट खरिद गर्नुपर्ने सामग्रीको हकमा



Scanned with CamScanner

वडाअध्यक्ष र वडा सचिवले प्रमाणित गरेको विलको आधारमा नगरपालिकाले भुक्तानी दिने, खाद्यान्नको हकमा नगरपालिकाले यस अघि वितरण गरेको राहत प्याकेज (दाल, चामल, नुन, तेल को हकमा) स्तरमा घटवढ नहुने गरी वडा अध्यक्ष र वडा सचिवले उपलब्ध गराउने व्यवस्था मिलाउने साथै क्वारेन्टाइनमा हुने खर्च रकमलाई पारदर्शि र मितव्ययी वनाई वडा अध्यक्ष र वडा सचिवले पुर्ण नियन्त्रण गर्ने र क्वारेन्टाइन व्यवस्थापनमा भएका खर्चहरुका सम्वन्धमा वडा अध्यक्ष र वडा सचिवलाई पूर्ण रुपमा जवाफदेहि र जिम्मेवार वनाउने गरी क्वारेन्टाइनको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि संघीय सरकार र प्रदेश सरकावाट प्राप्त भएको श्रोतगत बजेट शिलिङ र मार्गदर्शनका सम्वन्धमा जानकारी भई छलफल गरियो । प्राप्त शिलिङ, मार्गदर्शन र आन्तरिक राजश्वको अनुमान समतेका आधारमा आगामी आर्थिक वर्षको योजना तर्जुमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

कोरोना भाइरस (कोभिड १९) रोकथाम , नियन्त्रण र राहातका लागि सन्धिखर्क नगरपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा ५ नं. प्रदेश सरकारवाट रु १५ लाख, नगरपालिकाको आफ्नो श्रोतबाट रकमान्तर गरेको रु ३५ लाख सन्धिखर्क नगरपालिका भित्रका दाताहरुवाट प्राप्त रु १५ लाख गरी कोषमा जम्मा रु ६५ लाख मौज्दात रहेकोमा कोरोना भाइरस (कोभिड १९) रोकथाम नियन्त्रण र राहात एवं यस सँग सम्वन्धित अत्यावश्यक स्वास्थ्य सामग्री क्वारेन्टाइन व्यवस्थापन तथा सञ्चालनमा हालसम्म रु २७ लाख खर्च भई रु ३८ लाख रकम कोषमा बाँकी देखिएको र अबका दिनमा यस कार्यको लागि खर्च गर्ने रकमको चरम अभाव हुने देखिएकोले सन्धिखर्क नगरपालिकाको विपद व्यवस्थापन कोषमा रकम उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कोरोना भाइरस (कोभिड १९) रोकथाम, नियन्त्रण, राहात वितरण जस्ता कार्य एवं यस जटिल परिस्थितिमा नगरपालिकाको दैनिक सेवा प्रवाहमा जुटेका सन्धिखर्क नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र सम्पूर्ण कर्मचारीहरुको नगरपालिकाले खर्च बहन गर्ने गरी कोरोना विमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

सन्धिखर्क नगरपालिका वडा नं. १ स्थित निर्मल नवज्योति सुस्तमनस्थिति विद्यालय र पाणिनी वेद विद्याश्रमले शिक्षा तर्फको सशर्त अनुदानको विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान शिर्षकवाट प्राप्त हुने रु १६ लाख अनुदान प्राप्त भएमा नपुग हुने रकम विद्यालयको आफ्नै श्रोतबाट व्यहोर्ने गरी सन्धिखर्क नगरपालिकाले तयार गरी स्वीकृत गरेको ड्रइङ डिजाइन र इस्टिमेट बमोजिमको २ कोठे पक्की भवन निर्माण गर्न थप लगानीको प्रतिवद्धता सहित विद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न गरी स्वीकृती माग गरेकोले नगरपालिकाले यस वापत थप अतिरिक्त आर्थिक दायित्व बहन नगर्ने गरी दुईवटै विद्यालयहरुलाई माग वमोजिम २ कोठे पक्की भवन निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निणर्य नं. ७**

सन्धिखर्क नगरपालिका भित्रमा विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुले आगामी शैक्षिक सत्र (२०७७ वैशाख देखि चैत्र) का लागि कक्षा तथा तह थपको लागि अनुमति माग गरेकोले सामुदायिक विद्यालयहरुको हकमा कक्षा तथा तह थपको अनुमति प्रदान गरेकै आधारमा नगरपालिकाले कुनै पनि आर्थिक तथा भौतिक दायित्व वहन नगर्ने गरी आवश्यक प्रकृया तथा



Scanned with CamScanner

शर्त पुरा भएका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई नियमानुसार कक्षा तथा तह थपको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

सन्धिखर्क नगरपलिका वडा नं. ८ स्थित किमडाँडामा मनकामना सामुदायिक पुस्तकालयको नामवाट पुस्तकालय सञ्चालनको अनुमति माग गरेकोले अनुमति प्रदान गरेकै आधारमा नगरपालिकाले पुस्तकालयको कुनै पनि आर्थिक तथा भौतिक दायित्व वहन नगर्ने गरी नियमानुसार पुस्तकालय सञ्चालनको विधान स्वीकृत गरी सञ्चालन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

कोरोना भाइरस (कोभिड १९) को विश्वव्यापी महामारी तथा वढ्दो संक्रमण पश्चात देश पूर्णरुपमा वन्दावन्दि (Lockdown) को अवस्थामा छ, तथापी यस अवधिमा पनि विशेष गरी मित्रराष्ट्र भारतमा रोजगारीको सिलसिलामा रहेका नेपाली नागरिकहरु स्वदेश फर्कने क्रम जारी छ र पछिल्लो समय यो क्रम तिव्र रुपमा वढेको छ । यसरी विदेशवाट घर फर्कने व्यक्तिहरुलाई निश्चित समयसम्म अनिवार्य क्वारेन्टाइनमा राख्नुपर्ने भएको र साविकमा स्थापना गरिएका दुई वटा क्वारेन्टाइनले धान्न सक्ने अवस्था नदिखिदा प्रत्येक वार्डमा क्वारेन्टाइन स्थापना गर्ने निर्णय भईसकेको सन्दर्भमा ति प्रत्येक वडामा स्थापना भएका तथा हुने क्वारेन्टाइनमा वस्ने व्यक्तिहरुलाई दैनिक रुपमा खाना तथा खाजाको प्रवन्ध गर्न मेस सञ्चालन गर्नुपर्ने देखिएकोले उक्त क्वारेन्टाइनहरुमा सञ्चालन हुने मेसमा खाना पकाउने खुवाउने, भाँडा माझ्ने तथा सरसफाई गर्ने प्रयोजनका लागि देहाय वमोजिमको जनशक्ति वडा अध्यक्षले नियुक्त गरी दैनिक हाजिरी राखी देहाय वमोजिम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो । साथै यो निर्णय हुनु भन्दा अगाडि वडा नं. १ र २ मा सञ्चालित क्वारेन्टाइनमा साविक वमोजिम नै हुने र यो निर्णय पश्चात भने सवै क्वारेन्टाइनमा समान रुपमा एकरुपता कायम गर्ने समेत निर्णय गरियो ।

**देहाय**

क) प्रत्येक क्वारेन्टिमा १ जना भान्से र १ जना सहयोगी

ख) भान्से तथा सहयोगीलाई जिल्ला दर रेट वमोजिम क्रमशः अर्धदक्ष र अदक्ष कामदारको लागि तोकिएको पारिश्रमिक दिने ।

**निणर्य नं. १०**

कोरोना भाइरस (कोभिड १९ को प्रकोप र सो वाट सिर्जित समस्याको कारणले भएको वन्दावन्दि (Lockdown) पश्चात (२०७६ साल चैत्र ११ गते देखि हालसम्म) कोरोना रोकथाम, नियन्त्रण, राहात तथा यस सँग प्रतक्ष सम्वन्धित खर्चहरु जस्तैः क्वारेन्टाइन सञ्चालन र सो वापतको खर्च, स्वास्थ्य सामग्री खरिद, राहत लगायत देहायका रकम कलमका विल भरपाई वमोजिमका खर्चहरु मध्ये अत्यावश्यक भई तत्काल भुक्तानी भएका रकम कलमलाई अनुमोदन गरी भुक्तानी हुन वाँकी रहेका रकमहरु देहाय वमोजिम तत्काल भुक्तानी दिने निर्णय गरियो ।

**क) भुक्तानी भएका रकमहरु अनुमोदन गर्ने :**

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | राहत वितरण | १८६३००० |
| २ | डिसइन्फेक्सन स्प्रे र मेसीन | २२८००० |
| ३ | थर्मोगन १३ थान र KN95 मास्क १५ वटा | १८७०५० |
| ४ | PPE १० वटा र ग्लवस ३०० थान | २९५०४ |
| ५ | अर्घाखाँची अस्पतालमा फिवर स्टेशन निर्माण | ८३६२३ |
| ६ | अर्घाखाँची अस्पताललाई अनुदान | २५०००० |
| जम्मा | | २६४११७७ |



Scanned with CamScanner

ख) भुक्तानी दिन बाँकी रकमहरु :

| क्र.स | विवरण | रकम रु |
|---|---|---|
| १ | क्यू इन्टेरनेशनलको विलबमोजिम मास्क र सेनिटाइजर | ११८१६५ |
| २ | हयात मेडिको वुटवलको विलबमोजिम मास्क र सेनिटाइजर | १९७७५ |
| ३ | अर्घाखाँची अस्पतालको आदेशमा वेलवाटिका र हटारी क्वारेन्टाइनको वेड बिस्तारा लत्ता कपडा | १४०००० |
| ४ | अर्घाखाँची अस्पतालको आदेशमा खरिद भएको लोकल PPE | ७५००० |
| ५ | हटारी क्वारेन्टाइनको खर्च | ४२३९२२ |
| ६ | अर्घाखाँची अस्पतालको आदेशमा क्वारेन्टाइनको लागि धिमिरे फेन्सीवाट खरिद भएको कपडा | १०००० |
| ७ | अर्घाखाँची आवसीय वेलवाटीकाको क्वारेन्टाइन खर्च | ३८६१२५ |
| ८ | कोरोना सम्वन्धी सन्देश ब्यानर(प्लेक्स प्रिन्ट) | ९४८०० |
| ९ | कोरोना सम्वन्धी सन्देश मुलक गित रेकडीङ | ६००० |
| १० | हटारी क्वारेन्टाइनमा झुल ४ वटा | १००० |
| | जम्मा | १२७४७८७ |

**निर्णय नं. ११**

कोरोना भाइरस (कोभिड १९) को संक्रमणको कारण विदेशबाट फर्किएर अनिवार्य क्वारेन्टिमा रहेका व्यक्तिहरुको PCR र RDT परिक्षण गरी सो परिक्षणको नतिजामा संक्रमण नदेखिएकालाई होम क्वारेन्टाइनमा पठाउनको लागि आवश्यक पर्ने परिक्षण किट र कोरोना रोकथाम, नियन्त्रण राहात तथा यससँग प्रतक्ष सम्वन्धित काममा परिचालित हुने जनप्रतिनिधि, स्वास्थ्यकमी, कर्मचारी, क्वारेन्टिमा काम गर्ने जनशक्तिको प्रयोगको प्रयोजनार्थ तथा यससँग सम्वन्धित अत्यावश्यक कामका लागि प्रयोग हुने देहायका स्वास्थ्य सामग्रीको सम्बन्धमा आपूर्तिकर्ताहरु सँग दररेट माग गरी कम दररेटमा उपलब्ध गराउने आपूर्तिकर्ता सँग तत्काल खरित गर्ने निर्णय गरियो ।

| क्र.स | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | PCR Kit | १००० (एकहजार थान) | |
| २ | RDT Kit | १००० (एकहजार थान) | |
| ३ | सर्जिकल मास्क | ५००० (पाँचहजार थान) | |
| ४ | N95 मास्क | ३०० (तीनसय थान) | |
| ५ | सर्जिकल ग्लोवस | १००० (एकहजार थान) | |
| ६ | सेनिटाइजर (५०० मि.लि को) | १०० (एकसय थान) | |
| ७ | सेनिटाइजर (१०० मि.लि को) | १०० (एकसय थान) | |
| ८ | PPE (Personal protective equipment) | ५० (पचास सेट) | |
| ९ | Examination Gloves | ५००० (पाँचहजार थान) | |
| १० | Utility Gloves | १०० (एकसय जोर) | |
| ११ | Eye Gaggles | ५० (पचास थान) | |

**निर्णय नं. १२**

कोरोना भाइरस संक्रमणको कारण भएको बन्दावन्दी (Lockdown) को अवधिमा दैनिक मजदुरी गरेर खानेहरुको रोजगारी गुमेको कारण विहान वेलुका छाक टार्न नसक्ने अवस्थामा रहेका मजदुर तथा श्रमिकहरुलाई सम्वन्धित वडाबाट प्राप्त विवरणको आधारमा पहिलो चरणमा राहात उपलब्ध



Scanned with CamScanner

गराइएकोमा बन्दाबन्दी बढ्दै गएको र तत्काल खुल्ने अवस्था नरहेको अवस्थाले गर्दा दैनिक मजदुरी गरी खाने व्यक्ति तथा परिवारलाई तत्काल राहत उपलब्ध गराउन पर्ने देखिएकोले सम्बन्धित वडाको सिफारिसको आधारमा राहत वितरण कार्यविधि २०७६ ले तोकेको मापदण्ड भित्र रहेर राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

सन्धिखर्क नगरपालिका वडा नं. ३ को स्वास्थ्य चौकी तथा वडा कार्यालय निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयले स्थानीय स्तरमा जग्गा व्यवस्थापनको लागि अपिल गरेकोमा स्थानीय समाजसेवी यज्ञराज गौतमले आफ्नो स्वामित्वको जग्गा मध्ये ५ रोपनी निशुल्क र २ रोपनी जग्गा प्रतिरोपनी रु २ लाखको दरले उपलब्ध गराउन मञ्जुर गरी आ.व २०७५/०७६ मा नगरपालिका (वडा /स्वास्थ्य संस्था) को नाममा रजिष्ट्रेशन पास गरी जग्गाधनी प्रमाणपूर्जा समेत उपलब्ध भई सकेको अवस्थामा अदालतमा सो उपर मुद्दा परी भुक्तानी हुन नसकेको र हाल अदालतबाट उक्त मुद्दा फैसला भई रजिष्ट्रेशन गरी स्वामित्व हस्तान्तरणको विषयलाई सदर गरेको हुँदा उक्त जग्गा प्राप्ती बापतको भुक्तानी दिनुपर्ने दायित्वको रकम वडा स्तरीय योजना अन्तरगत वडा नं. ३ को योजनामा विनियोजन भएको हुँदा सो रकम बगहानेटा नगर स्वास्थ्य केन्द्रको स्वास्थ्य व्यवस्थापन समितिको खातामा निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

